# ‘साहसिक जीवनगाथा’ : माओवादी महिलाका युद्ध संस्मरण

**कैलाश राई**

## परिचय

नेपालको दश वर्षे (वि.सं. २०५२-२०६२) माओवादी युद्धकेन्द्रित संस्मरण पछिल्लो समय नेपाली साहित्य फाँटमा फष्टाएको विधा हो । तत्कालीन नेकपा (माओवादी) र नेपाल सरकारबीच (२०६३ मंसिर ५ मा) भएको विस्तृत शान्ति सम्झौतापश्चात् यस्ता संस्मरण लेखन एवं प्रकाशनको गति तीव्र हुँदै आइरहेको छ । युद्धकेन्द्री यी संस्मरणले नेपालको दशवर्षे युद्धका विभिन्न आयामलाई युद्धकर्ताकै भोगाइ र दृष्टिबाट बुझ्न सघाउँछ । माओवादीहरू उक्त युद्धलाई 'जनता'को लागि 'जनता'ले नै गरेको 'जनयुद्ध' मान्छन् । उनीहरू प्रायः आफ्ना 'गौरवमय' कथा र अनुभव व्यक्त गर्न लालायित छन् । युद्ध संस्मरण साहित्य लेखनमा पुरुषहरूकै बाहुल्यता छ । पुरुषद्वारा लेखिएका संस्मरणमा द्वन्द्वकालका अनेक पक्षहरू (केही लिंगीय कुरासमेत) छन्, तर तिनले महिलाका अनुभव, पीडा र दृष्टिकोण बुझ्न भने सघाउँदैनन् ।

युद्धमा विविध पृष्ठभूमिका महिलाको ठुलो संख्या हरेक भूमिकामा देखियो । खास गरी नेपाली समाजमा महिलाका लागि 'असाधारण' मानिने वा 'पुरुषले गर्नुपर्ने' ठानिने कामकाजमा पनि महिला सक्रिय भए । युद्ध 'मोर्चा'मा संलग्न नभएका महिलाहरूले समेत युद्धका कारण परिवारका पुरुष सदस्यहरू तितरबितर भएपछि 'पुरुष'को मानिने घरायसी एवं बाह्य/सार्वजनिक कामकाज गरे (गौतम, बाँस्कोटा र मानचन्द सन् २००३ : ९३-९४) । फलतः महिलाहरू कमजोर हुन्छन् र सदैव संरक्षण खोज्छन् भन्ने समाजको परम्परागत मान्यतामा ठुलो धक्का पुग्यो भन्ठान्छन्

*मिडिया अध्ययन ८* : ३१-६५ २०७०

केही नारीवादीहरू (आचार्य २०६८) । समाजको यस्तो स्थापित मान्यतालाई धक्का पुऱ्याउन माओवादी युद्धमा संलग्न महिलाहरूले कस्तो भूमिका खेले, के-कस्ता अनुभव गरे भन्ने माओवादी महिला संस्मरण (पुस्तक) मा खोज्नु यस अध्ययनको उद्देश्य हो ।

यस अध्ययनले सशस्त्र युद्धमार्फत नेपाली समाज रूपान्तरण प्रक्रियामा संलग्न महिलाको भूमिका, अनुभव, दृष्टिकोण र सशक्तिकरणबारे जानकारी दिन्छ । त्यसका लागि उनीहरूले लेखेर पुस्तकाकारमा प्रकाशन गरेका संस्मरणलाई नै अध्ययनको मूल आधार बनाइएको छ । यद्यपि माओवादी महिलाका युद्धकालीन मातृत्व अनुभव एउटा महत्त्वपूर्ण पाटो हुँदा हुँदै पनि प्रकाशित संस्मरण पुस्तकमा यस पक्षले त्यति स्थान पाएको छैन । यस परिवेशलाई मध्यनजर गर्दै उनीहरूसँग गरिएका छुट्टै व्यक्तिगत कुराकानीलाई पनि यस लेखको आधार बनाइएको छ ।

## अध्ययन गरिएका पुस्तकहरूको एकसरो परिचय

माओवादी युद्धमा संलग्न व्यक्तिहरूद्वारा लेखिएका संस्मरण पुस्तकहरू २०६२–२०६९ असारसम्ममा (व्यक्तिगत एवं संकलित गरी) ५१ ओटा[१] प्रकाशित छन् । 'जनयुद्ध' संस्मरण प्रायः माओवादी युद्धमा संलग्न भएका व्यक्तिहरूद्वारा नै लेखिएका र कतिपयका सन्दर्भमा प्रकाशकसमेत आफैँ बनेका छन् । पछिल्लो समयमा माओवादी युद्ध भोगेका 'गैरमाओवादी'द्वारा लिखित युद्ध संस्मरण पनि प्रकाशित भइसकेको छ ।[२] कूल ५१ संस्मरणमध्ये सात ओटा (छ व्यक्तिगत र एक सामूहिक संकलन) महिलाका संस्मरण छन् । गोरीकला विश्वकर्मा (मानुषी)[३] को विचारप्रधान *स्मृतिका क्षणहरू : संस्मरण सङ्ग्रह* (२०६९), जनमुक्ति सेनामा सक्रिय दलित महिलाको अनुभव उनिएको सीता वि.क. (सम्झना) को *युद्धभित्रका संस्मरण* (२०६८), लैंगिक दृष्टिकोण र विषयगत विविधता समेटिएको शोभा कट्टेल

---

[१] मार्टिन चौतारीको संकलन तथा जानकारीमा आएअनुरूप तयार भएको माओवादी संस्मरण सन्दर्भ सूची (पहिलो संस्करण) http://www.martinchautari.org.np/2012-08-27-08-47-25/bibilographies/43-research-aids/bibilographies/224-bibliographies-prepared-by-martin-chautari-researchers.html मा हेर्न सकिनेछ । नयाँ संस्मरण प्रकाशनसँगै यो सूची अद्यावधिक गर्दै लगिनेछ ।

[२] नेपालयद्वारा प्रकाशित नारायण सुवेदीको *१०० दिन माओवादी कब्जामा* (सन् २०१२) नामक संस्मरण त्यसैको उदाहरण हो । यसमा सय दिनसम्म माओवादी कब्जामा रहँदाका हरेक स–साना क्रियाकलापलाई चनाखो गरी मिहिन पारामा उनिएको छ ।

[३] माओवादी नेता तथा कार्यकर्ताले युद्धकालमा प्रयोग गर्ने नाम (भूमिगत वा छद्म) लाई सजिलोका लागि कोष्ठभित्र दिइएको छ ।

(प्रतिभा) को *समरका स्मृतिहरू* (२०६८), माओवादी संस्मरणमाझ सन्तुलित दृष्टिकोण र संयमित अभिव्यक्ति बोकेको र धेरै चर्चित तारा राईको *छापामार युवतीको डायरी* (२०६७), संस्मरण भनिए पनि विचारप्रधान निबन्ध संग्रहझैँ लाग्ने सत्य पहाडीको *मृत्युञ्जयी यात्रा* (२०६७), र हरेक तह र फाँटमा सक्रिय भएका ७९ युद्धरत महिलाहरूको अनुभव एकै ठाउँमा समेटिएको *पीडाभित्रको आक्रोश* (२०६४) र छ जना महिलाहरूले सुरूङ खनेर कुशलतापूर्वक जेल तोडेको प्रसंगमा केन्द्रित उमा भुजेलको *बन्द पर्खालदेखि खुला आकाशसम्म (ऐतिहासिक गोरखा जेलब्रेक*, २०६३) रहेका छन् । यी सात ओटा संस्मरणका बेग्लाबेग्लै पृष्ठभूमि, महत्त्व र विशेषता छन् जसबारे तल चर्चा गरिएको छ ।

## *स्मृतिका क्षणहरू : संस्मरण संग्रह*

वि.सं. २०५४ मा एसएलसीको परीक्षा दिएलगत्तै युद्धमा पूर्णकालीन कार्यकर्ता बनेकी कालीकोटकी गोरीकला विश्वकर्मा (मानुषी) को संस्मरण हो यो । उनले पच्चीस ओटा विभिन्न शीर्षकमा आफ्नो युद्धजीवन र युद्ध स्थगनपश्चात संविधानसभा निर्वाचन एवं पार्टीको पालुङटार बैठकसम्मका भोगाइ र विचारलाई लेखेकी छिन्- *स्मृतिका क्षणहरू : संस्मरण सङ्ग्रह* (२०६९) मा । उनको संस्मरणको आधाजसो भागमा आफन्त, आत्मीयजन र सहयोद्धाहरूको 'सहादत' को बेलीबिस्तार छ । पुस्तकमा उनका दुई दाजु सिंहबहादुर विश्वकर्मा (कोपिला) र अमरबहादुर विश्वकर्मा (योद्धा) देखि शारदा शाह (प्रगति) सम्मका जीवन-मरणका प्रसंग छन् । त्यसबाहेक २०५४ चैत २६ गते कालीकोटको बिथलडाँडामा माओवादी नेताको खोजी गर्ने क्रममा प्याउकला विकलाई प्रहरीले गोली हानी हत्या गरेपछि दलित महिलाहरू- गोरीकला वि.क., मुना वि.क., मनसरा वि.क., बिजा वि.क., धनसरा वि.क.लगायत गाउँले प्रतिकारमा उत्रेका साहसिक घटना प्रसंग; आफ्ना तीन भाउजु र आमाबुबाका योगदान; भदाभदैलाई उपदेश; संविधानसभा निर्वाचन र पार्टीको पालुङटार बैठक प्रसंग; गोविन्द बटाला (जीवित) ले तीन वर्ष जेल सजाय काटिसकेपछि पुनः अपहरण मुद्दा दायर गर्दा पार्टी मौन हुनुको आक्रोश[४]

---

[४] काठमाडौँ निवासी व्यापारी रामहरि श्रेष्ठको २०६५ वैशाख १५ मा अपहरण भएको थियो । त्यसको केही दिनपछि श्रेष्ठको शव त्रिशुली नदीमा भेटिएको थियो । श्रेष्ठको हत्यामा गोविन्द बटाला संलग्न भएको ठहर गर्दै चितवन जिल्ला अदालतले तीन वर्षे कैद सजायको फैसला गऱ्यो । र, बटालाले चितवनमै कैदी जीवन बिताए । तीन वर्षपछि २०६८ जेठ २० का दिन अपहरण मुद्दाका लागि बटाला काठमाडौँ ल्याइए । हेर्नुहोस्, http://canadanepal.net/news/?p=4506 (यो वेवसाइट २०६९ साउन ७ मा हेरिएको हो) ।

र दश वर्षे युद्धमार्फत रूपान्तरण भएको आफ्नो सुन्दर गाउँ र समाजबारेको वर्णन पुस्तकमा परेका छन् । शीर्षकमै संस्मरण संग्रह भनिए पनि सहिद गाथा एवं विचारप्रधान निबन्ध संग्रह बनेको छ पुस्तक ।

### *युद्धभित्रका संस्मरण*

सैन्य भूमिकामा सात वर्ष सक्रिय रहेकी सीता वि.क. (सम्झना) को *युद्धभित्रका संस्मरण* (२०६८) मा युद्धका अनुभव एवं शान्ति सम्झौतापश्चात् अन्तरिम विधायिका हुँदासम्मको भोगाइ परेको छ । सीताले २३ शीर्षकमा व्यवस्थित रूपमा प्रस्तुत गरेको संस्मरण २६ पृष्ठ लामो मन्तव्य, भूमिका र शुभकामनाले ओझेलमा पारेको छ । नौ कक्षा पढ्दापढ्दै पढाइ त्यागेर वि.सं. २०५५ मा महिला संगठनबाट युद्धमा सामेल भएकी सीता आठ महिनापछि सेना बनिन् र क्रमश प्लाटुन कमान्डर, कम्पनी कमान्डर हुँदै बटालियन कमान्डर भइन् । विभिन्न तेह्र प्रहरी चौकी 'रेड' र सात (बेनी, घोराही, खारा, रुम्जाटार, भिमाद, लाहान र शीतलपाटी) 'मोर्चा'मा सामेल भइन् । साथै दुई ठाउँमा एम्बुस थापी हतियार कब्जा गर्दा दंग परिन् । पार्टी रोहवरमा अन्तरजातीय प्रेम विवाह गरिन् । विवाहको ८ महिनापछि २०६१ चैत २५ मा रुकुमको खारा आक्रमणमा[५] श्रीमान् (जलन) गुमाइन् र आफू पनि घाइते भइन् । तत्कालीन समयमा दाङ र सल्यानकी इन्चार्ज रहेकी नेता जयपुरी घर्तीको अंगरक्षक भइन् । र, वि.सं. २०६४ मा पुनर्विवाह गरिन् ।

### *समरका स्मृतिहरू*

चितवनकी शोभा कट्टेलको संस्मरण हो *समरका स्मृतिहरू* (२०६८) । उनी माओवादी युद्धको थालनीसँगै युद्धप्रति लोभिइन् । युद्धमोर्चामै बिहे गरिन् र एक छोरालाई जन्म दिइन् । जेल परेकै बेला जीवनसाथी (समर) गुमाइन् । छोरासँग अलग्गिइन् । शान्ति वार्तापछि अन्तरिम व्यवस्थापिका संसद सदस्य बनिन् । कूल १६ ओटा शीर्षकमा लेखिएको संस्मरणको थालनी उनको राजनीतिक जीवनबाट हुन्छ । र, क्रमशः युद्धकालका घुम्तीहरू– पूर्णकालीन हुँदाको उमंग; गिरफ्तारी र जेल जीवनका भोगाइ; जेलमुक्त भएपछिको अन्यौल र मातृत्वमा खप्नुपरेको पीडा;

---

[५] २०५९ जेठ १३ मा पहिलोपल्ट खारामा आक्रमण गर्दा १५० जना लडाकु मारिएपछि माओवादी पछि हटेको थियो । र, त्यो हारलाई सपार्न तीन वर्षपछि २०६१ चैत २५ गते दोस्रोपल्ट माओवादीले पुनः आक्रमण गर्‍यो । त्यसमा पनि बेहोर्नु परेको पराजयले माओवादीलाई गतिलो झट्का लाग्यो । दोस्रो आक्रमणमा माओवादीका २५० जनाले ज्यान गुमाए, जुन माओवादीको लागि द्वन्द्वकालभरिकै सबैभन्दा ठुलो क्षति थियो (कोवान २०६७) ।

अन्तरिम व्यवस्थापिका संसद् सदस्य हुँदाको अनुभूति र माओवादी नेतृत्वमा उत्पन्न भएको बेमेलले फुटको दिशामा डोऱ्याउँदै गर्दाको मनस्थितिसँग जुध्छिन् शोभा । उनी लिंगीय अनुभूति, पीडा र दृष्टिकोणबारे सचेत भएर लेख्छिन्, जुन कुरा अन्य (माओवादी) संस्मरणमा विरलै भेटिन्छन् । अझ, उनी पार्टीभित्र महिलाले खप्नुपरेको आन्तरिक चुनौतीका प्रसंग पनि कोट्याउँछिन् । यस सन्दर्भमा 'पितृसत्ताका क्रूर साङ्लाहरू' र 'महिला उत्पीडनका बहुरंगी कुरूपताहरू' शीर्षकका संस्मरण महत्त्वपूर्ण छन् ।

## *छापामार युवतीको डायरी*

वि.सं. २०६१ मा माओवादी सांस्कृतिक समूहमा संलग्न भएकी इलामकी तारा राईको संस्मरण हो *छापामार युवतीको डायरी* (२०६७) । उनी युद्धमा हिंडेको तीन महिनामा गिरफ्तार भएर वर्ष दिन इलाम, झापा र मोरङका जेलमा बिताउँछिन् । जेलमुक्त भएपछि पार्टी मोह भंग हुन्छ र पुनः परिवारमा फर्किन्छिन् । पन्ध्र ओटा शीर्षक रहेको ताराको संस्मरण सन्तुलित दृष्टिकोण, संयमित अभिव्यक्ति, विविध आयाम, चुस्त लेखन एवं उत्कृष्ट प्रस्तुति शैली, सरल वाक्य गठन, सहज शब्द चयन र आम पाठकलाई लक्षित गरी सम्पादन-प्रकाशन गरियो । अन्य माओवादी संस्मरणभन्दा स्वतन्त्रपूर्वक लेखिएको ठानिएर यो पुस्तक बढी चर्चित भयो (गिरीश गिरी २०६७) । तारा प्रशंसित र आलोचित दुवै बनिन् ।[६] मार्क्सवादी चिन्तक निनु चापागाईंले ताराको संस्मरणलाई माओवादी संस्मरण मान्न नसकिने तर्कसमेत गरेका छन् (हट सन् २०१२) ।

## *मृत्युञ्जयी यात्रा*

शान्तिकालमा मन्त्रीसमेत बनेकी डोल्पाकी सत्य पहाडीको संस्मरण हो *मृत्युञ्जयी यात्रा* (२०६७) । "जहाँ र जुन ठाउँमा काम गरे पनि पार्टी र क्रान्तिकै काम हो । त्यसमा केही फरक पर्दैन हामी त क्रान्तिका कलपुर्जा हौँ । पार्टीले जहाँ 'फिट' देख्छ त्यही 'सेट' गर्छ" (पहाडी २०६७ः १) भन्ने एक स्वर्गीय प्लाटुन कमान्डरको भनाइ सापट लिँदै सत्यको लेखन सुरु भएको छ । संस्मरणमा २४ ओटा शीर्षकमा युद्धमा लड्दादेखि संविधानसभा सदस्य हुँदासम्मको प्रसंग उल्लेख छ । सहयात्रीहरूको सहादत एवं बलिदानको प्रसंगले संस्मरणको विषय खोल्छ, डोऱ्याउँछ र टुंग्याउँछ

---

६ थप जानकारीको लागि हेर्नुहोस्, *कान्तिपुर* (२०६७), क्षेत्री (२०६७), अमर गिरी (२०६७), गिरिश गिरी (२०६७), चाम्लिङ (२०६७), ढकाल (२०६७), सुवेदी (२०६७), कार्की (सन् २०१०) र प्रसाई (सन् २०१०) ।

पनि । सत्य कर्णाली र भेरीको भूगोलमा संघर्ष गर्दागर्दै हिरासतमा पुग्छिन् । डेढ वर्ष जेल जीवन बिताउँछिन् । भारतको उत्तरप्रदेशमा पुगेर त्यहाँ बसेका नेपालीहरूको नाजुक स्थितिसँग परिचित हुन्छिन् । शान्ति सम्झौतापश्चात् विधायक बन्छिन्, जसलाई उनी नयाँ 'युद्धमोर्चा' ठान्छिन् र संविधानसभा सभासद् बन्छिन् । विषयका हिसाबले सहादत र बलिदानको गाथा र लेखन प्रकृतिका हिसाबले विचारप्रधान निबन्ध संग्रह बन्न पुगेको छ यो पुस्तक ।

## *पीडाभित्रको आक्रोश*

माओवादी युद्धमा होमिएका थुप्रै महिलाको संयुक्त संस्मरण संग्रह हो *पीडाभित्रको आक्रोश* (२०६४) । प्रगतिशील अध्ययन केन्द्रले युद्धमा होमिएका विभिन्न फाँट र तहका महिलाको अनुभव र अनुभूतिलाई एउटै पुस्तकको आकार दिएको छ । पुस्तकमा जयपुरी घर्ती, सरला रेग्मी, अमृता थापा, कमला रोका, ओनसरी घर्ती, शोभा कट्टेल, स्वर्गीय चुनु गुरूङ, टीका बुढाथोकी, तारा घर्ती मगर, देवी खड्का, सीता वि.क.देखि आशा महतरासम्म (७९ जना) को संस्मरण, मारिएका माओवादी महिलाका परिवार एवं राज्य पक्षद्वारा मारिएका परिवारका सदस्य महिला (११ जना) सँगको कुराकानी र युद्धमा मारिएकाप्रति समर्पित एक कविता समावेश छन् । हरेक तहका माओवादी महिलाका मिल्दोजुल्दो अनुभूति र विचारको तह भेटिन्छ पुस्तकमा । जीवनसाथी गुमाउँदा; परिवार, साथीसँगी वा आदर्श व्यक्ति गुमाउँदाको प्रसंगलाई ४६ जनाले; कारवाही एवं घटना केन्द्रित अनुभूति १३ जनाले र जेल एवं गिरफ्तारीको अनुभव नौ जनाले साटेका छन् । त्यसबाहेक बलात्कृत हुँदाको अनुभूति; युद्ध त्यागेर आत्मसमर्पण (माओवादीको शब्दमा 'गद्दारी') गरेपछि श्रीमान्सँग सम्बन्धविच्छेद गरेको महिलाको प्रण; नातिनातिनी स्याहारेर बसेकी बुढी आमैको साहस; बगरमा बच्चा जन्माउँदाको अनुभव; सन्तानको लागि तड्पेको आमाको मनस्थिति र जनमुक्ति सेनाप्रतिको मोह पुस्तकमा छन् । फरक अनुभव र भोगाइ भए पनि वैचारिक वा सैद्धान्तिक तहमा उनीहरू उही विश्वास, साहस र दृष्टिकोण लिपिबद्ध गर्छन् (बढीजसो युद्धकाल र युद्ध स्थगन लगत्तैका समयमा लेखिएका संस्मरणमा यस्तो भेटिन्छ) ।[७] पार्टीगत विचार र आदर्श (सिद्धान्त) को आडमा निजी कुरा गौण बन्न पुगेको छ ।

---

[७] यसलाई समग्र माओवादीकै लेखनको तहमा गाँस्ने हो भने फ्रान्सेली मानवशास्त्री मारी लिकाम्ट्-टिलोइनको जिज्ञासा छ, "कतै माओवादी आन्दोलनमा लागेकाहरूलाई पार्टीको विचारधारामा पूर्ण रूपमा प्रशिक्षित गराइएको त हैन, जसले गर्दा उनीहरू सबै एकै खालको विचार र विश्वास राखेर

### *बन्द पर्खालदेखि खुला आकाशसम्म (ऐतिहासिक गोरखा जेलब्रेक)*

माओवादी सेनामा सदस्य कमान्डरदेखि कमिसारसम्म भएकी, गोर्खाकी उमा भुजेल (शिलु) को संस्मरण *बन्द पर्खालदेखि खुला आकाशसम्म (ऐतिहासिक गोरखा जेलब्रेक; २०६३)* जेल डायरी हो । युद्धकै इतिहासमा उमाको नेतृत्वमा माओवादी महिलाले सुरूङ खनेर कुशलतापूर्वक जेल तोडेको प्रसंगमा केन्द्रित छ उनको संस्मरण । २०५७ चैत १७ मा छ जना महिला– उमा भुजेल, कमला नहर्की, सञ्जु अर्याल, मीना मरहठ्ठा, रीता विक र एञ्जिला विकले गोरखा जेल 'ब्रेक' गरेपछि 'जेल ब्रेकर नेपाली क्रान्तिकारी युवा महिला'को रूपमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा उमा परिचित भइन् । सामान्य पृष्ठभूमिबाट संघर्षमा होमिएका महिलाका 'साहसिक' सफलतालाई कदर गर्दै माओवादीले जेल 'ब्रेक' गरेको दिनलाई 'वीरता दिवस'को रूपमा मनाउने निर्णय गरेको थियो (यमि २०६३क : ११) । संस्मरणको अग्रभागमै उमाको स्वीकारोक्ति छ, "...जीवनमा लेखन क्षेत्रमा कहिल्यै हात नहालेको मेरो लागि यो पुस्तक लेख्नु सुरूङ खन्दाजत्तिकै अप्ठ्यारो महसुस भयो । ...पहिलो प्रयास भएकाले यसमा धेरै कुरा मिलेका छैनन्" (भुजेल २०६३) ।

## संस्मरणका विविध पक्षबारे विस्तृत छलफल

### *युद्धपूर्व : 'राम्रो'को खोजी*

महिलाहरू युद्धमा होमिनुका विविध कारण छन् । मुख्यतः युद्धमा हरेक समुदाय, जातजाति, वर्ग, क्षेत्र, लिंगको सहभागिता गराउनैपर्ने माओवादीको रणनीति थियो । महिला सहभागिताको कुरा गर्दा, सकभर उनीहरूको समर्थन जुटाउने र युद्धमा संलग्न गराउने ध्येयले नीति निर्माण गरिएको थियो । माओवादीको युद्धको पहिलो योजनामा "महिलाहरूमाथि पैतृक सम्पत्तिलगायतका आर्थिक, राजनीतिक र सामाजिक जीवनका सबै क्षेत्रमा रहेका सामन्ती पितृसत्तावादी थिचोमिचो, भेदभाव र अन्धविश्वासका विरूद्ध समान अधिकारका निमित्त संघर्षका नाराहरूलाई सशक्त ढंगले उठाउने" (नेकपा [माओवादी] २०६३ : १५) भन्ने तय भएको थियो । एकातिर 'महिला मुक्ति'को सपना नेतृत्व तहबाटै प्रसारित गरिन्थ्यो । अर्कोतिर, योजनाबद्ध तरिकाले 'जनता'का दैनिक समस्या– मदिरा सेवन, जुवातास खेल्ने, बहुविवाह गर्नेलाई दण्ड सजाय दिँदै स्थानीय तहमा प्रभाव जमाए । फलतः

---

एकैखाले लेख्छन्" (सन् २००९ : २४३) । माओवादी महिला संस्मरणका सन्दर्भमा यो 'चलन' केही हदसम्म सही छ । तर युद्ध स्थगनको समयावधि बित्दै जाँदा संस्मरण लेखनमा यो 'चलन' घट्दै गइरहेको छ । यस अध्ययनको क्रममा माओवादी महिलाका युद्ध संस्मरण मौखिक रूपमा 'रेकर्ड' गर्दा त्यस्तो 'चलन' भेटिएन ।

महिलाहरूको एउटा ठुलो जमात, ग्रामीण भेगका निरक्षर, सामान्य साक्षरदेखि उच्चशिक्षाको लागि पढ्दै गरेकासम्म युद्धमा संलग्न भए ।

त्यसो त युद्ध सुरु हुँदा माओवादीको जनवर्गीय संगठनमा काम गरेका, युद्धको सैद्धान्तिक र वस्तुगत आवश्यकता बुझेका थोरै महिला संलग्न थिए । सुरुदेखि नै युद्ध गर्न तम्तयार यी महिला 'राम्रो हुने' विश्वासमा युद्धउन्मुख पार्टी (मशाल, एकता केन्द्र) राजनीतिबाट स्वतः युद्धमा होमिएका थिए । उनीहरूमा विभेद (लिंगीय, जातीय, वर्गीय आदि) बाट मुक्त हुने र समानतामूलक समाज निर्माणका खातिर समाज बदल्ने तीव्र इच्छा थियो । महिलाका यी जमातले कम्युनिस्टमध्ये माओवादीलाई असल र राम्रो भन्ठान्थे । त्यसबाहेक माओवादीको नारा एवं कार्यनीतिबाटै तानिएर 'दोस्रो दर्जा'को जीवन बाँचिरहेका ठुलो संख्याका महिला युद्धमा लागे ।

महिलाको सहभागिता बढ्दै गएपछि माओवादीको दोस्रो योजनामा "...अविलम्ब (महिला) मोर्चाको केन्द्रीय नेतृत्व निर्माण गरी प्रचारात्मक एवं वैधानिक ढंगका संघर्षका कार्यक्रमलाई अगाडि बढाउनु जरुरी छ" (नेकपा [माओवादी] : ४६) भनियो । त्यही ढंगको एउटा आन्दोलन अखिल नेपाल महिला संघ (अनेमसंघ [क्रान्तिकारी]) ले पहिलो चोटि युद्धविराम (२०५८ साउन ८–मंसिर ८) भएको बेला २०५८ भदौ २ मा २२ सुत्रीय मागसहित नेपाललाई मदिरा निषेधित देश घोषणा गर्नु थियो । उक्त आन्दोलन सुरु हुनुअगावै साउन २२ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष अनेमसंघ (क्रान्तिकारी) ले आफ्नो माग पेश गरेको थियो (देवकोटा २०५८) । साउन ३१ गते सरकारले वार्ताको आग्रह गरेपछि भदौ ९ गते सरकारका तर्फबाट तत्कालीन गृहमन्त्री खुमबहादुर खड्का र अनेमसंघ (क्रान्तिकारी) की तत्कालीन अध्यक्ष रेखा शर्माबीच ३४ बुँदे सहमति भएको थियो ।

माओवादीले २०५२ फागुन १ गते औपचारिक रूपमा 'जनयुद्ध'को घोषणा गर्दा प्रचारमा ल्याएको एक पोस्टरको सिरानमा 'जनयुद्धको बाटोमा अघि बढौँ' भन्ने नारा लेखिएको, त्यसैको मुन्तिर महिला–पुरुष दुवैले दाहिने हातले बन्दुक उचालेर दृढताका साथ नेतृत्व गरिरहेको देख्न सकिन्छ । माओवादीको कार्यक्रम स्थानीय तहमा व्यापक बनाउनका लागि गठन गरिएका विभिन्न प्रकारका दलमा महिला सदस्य अनिवार्य गरियो (नेकपा [माओवादी] २०६३ : २४) । लडाकुको भूमिकामा महिलालाई परिचालन गर्ने माओवादीको अर्को नीतिले धेरैजसो महिलामा युद्ध 'मोह' जगायो । 'फरक' र 'शक्तिशाली' भूमिकामा उभिएर परम्परागत पहिचानलाई विनिर्माण गर्ने अभिलाषा महिलामा पैदा गरायो । साथै महिला लडाकुको छविलाई

युद्ध आकर्षणको रूपमा प्रचारप्रसार गरियो (यमि २०६३क : ११) । उक्त छविबाट पनि केही महिला युद्धप्रति आकर्षित भए ।

सीता वि.क. सैन्य पोशाकमा बन्दुक भिरेकी लडाकु नमूनाबाट प्रभावित भएर सेनामा संलग्न हुने अठोट गरेकी थिइन् (वि.क. २०६८ : ३६) । र, उच्चशिक्षा हासिल गर्ने चाहना त्यागेर परिवारका इच्छाविपरीत युद्धमा होमिइन् । युद्धमार्फत छुवाछुतमुक्त समाज निर्माण हुने र दुःखीको सुखद् दिन आउने अभिलाषा थियो उनमा । उनी फौजी आक्रमणमा सामेल हुँदा, बन्दुक बोक्दा, दिनहुँ रिवल्वर सफा गर्दा औधी खुसी हुन्थिन् (वि.क. २०६८ : ४१) ।

रेखा क्रान्तिको बन्दुक र बाघे पोशाक मोह चाखलाग्दो छ । सैन्य पोशाक र बन्दुकमा महिलालाई अति सुन्दर देख्छिन् उनी । महिलाका हकमा प्रयोग गरिँदै आएको सुन्दरताको परिभाषालाई नै नयाँपन दिएकी छिन्, "सलक्क कपाल काटेका, चारकुने बान्की परेको टोपी लगाएका, सोही रङको बाघे कम्ब्याटमा सजिएका, हातमा राइफलमा असाध्यै सुहाएको, म भित्रभित्रै गौरवान्वित हुन्थेँ । मन हर्षित हुन्थ्यो । उनीहरूलाई भेट्न मन लाग्थ्यो । जाउँजाउँ लाग्थ्यो तर उनीहरू देशको पश्चिममा छन् म पूर्वमा" (क्रान्ति २०६४ : १७७) ।

रेखालाई सामाजिक एवं पारिवारिक परिवेशले युद्धमा होमिन उक्साएको थियो । उनको आमाले दुई छोरी जन्माएवापत समाज र परिवारले आमाप्रति हेय दृष्टि राख्छन् । अझ, छोरा जन्माउनका लागि बाबुले अर्को बिहे गर्न खोजेपछि समस्याको हल खोज्न रेखाले बन्दुक बोकिन् :

> ...सेना अनि बन्दुक, मेरो सपना, कल्पनामा सजिन थाल्यो । ...पत्रिकाहरू पढ्थे, फोटाहरू हेर्थें । नारीहरू यो दुनियाँमा केही कुरामा कमी छैनन् । ...विषयगत पुस्तकभन्दा बाहिरी पुस्तकहरू मार्क्सवादी पुस्तकहरू वीरता र बहादुरीको पुस्तकहरू पढ्थें । तर मेरो आँखा भने बाघे लुगा र बन्दुकहरूमा मात्र बेसी ठोकिन्थ्यो । विद्रोहको साधन बन्दुक हुन्छ, मैले यति नै बुझेँ । ...फिलिपिन्स, पेरु, क्युबा, भियतनामका विद्रोही महिलाहरूको जिउमा टाटेपाङ्ग्रे ड्रेस, हातमा एके ४७ देख्दा म भित्रैदेखि खुशी हुन्थेँ (क्रान्ति २०६४ : १७६) ।

सैन्य भूमिकाप्रति आकर्षित भएर युद्धमा लाग्ने सीता र रेखाजस्ता महिलामा 'सुरक्षित एव शक्तिशाली जीवन'का लागि 'लडाकु' बन्ने 'मस्कुलनाइज्ड थर्स्ट'[८] (अहल सन् २०१२ : २९५) देखिन्छ । माथि भनिएझैँ विभिन्न सामाजिक-

[८] परम्परागत रूपमा महिलाका लागि वर्जित, पुरुषका लागि उपयुक्त हुने ठानिएका भूमिका निर्वाह गर्ने इच्छा ।

पारिवारिक परिवेशका साथै माओवादी युद्धमा साहसिक र नौलो भूमिकाको लोभलाग्दो छवि निर्माण हुन थालेपछि र वि.सं. २०५८ मा गठित 'संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपाल'ले[९] अघि सारेको 'एक नागरिक एक सेना'को नीति लागु गरेपछि (यमि २०६३ख : ९३) थप महिला युद्धमा लागे । साथै धेरै अरू कारणले पनि लाग्न बाध्य पारिए । महिला सैनिकको मर्यादाक्रम (र्‍यांकिङ पोजिसन) निर्धारण गरिँदा उनीहरूलाई युद्धमा टिकिरहन थप प्रोत्साहन मिल्यो (मानचन्द सन् २०१०) ।

अर्कोतिर व्यक्तिगत एवं पारिवारिक परिवेशसँगै र राज्यपक्षको व्यवहारका कारण उत्पन्न भएको बाध्यात्मक परिस्थिति एवं बदलाभाव पनि छँदै थियो । श्रीमान् (विनोद) वि.सं. २०५५ मा राज्यपक्षद्वारा मारिएपछि लमजुङकी सुमित्रा वि.क. श्रीमान्कै 'पदचिन्ह' पछ्याउँदै युद्धमा लागिन् । उनी भन्छिन्, "...उहाँको हत्याले मेरो जीवन अन्धकारको भुँमरीमा पर्‍यो । ...मुटुको एक टुक्रा फुटेर गए पनि दुई ओटा टुक्रा छोरा अनिल र सुनिल बाँकी नै थिए र साथमा सर्वहारावर्गको नेतृत्व गर्ने पार्टी नेकपा (माओवादी) थियो । त्यसले गर्दा पनि ममा बाँच्ने हिम्मत आयो । मेरो प्यारो विनोदको हातबाट खसेको झोला, राइफल उठाउँदै जाने प्रण गरेँ" (वि.क. २०६४ : १५२) । त्यस्तै, ६ कक्षामा पढ्दै गरेकी पार्वती थापालाई विद्रोहको कुरा सुन्दैमा पनि उकुसमुकुस लाग्थ्यो । माओवादी भएको आरोपमा आफू पढ्ने स्कुलका साथीहरूले यातना खेपे । त्यही बेला माओवादी नेताहरूसँग उनको भेट भयो र स्कुले राजनीति गर्दै उनी युद्धमा लागिन् (थापा २०६४ : २७८) ।

युद्ध स्थगन नहुञ्जेलसम्म विभिन्न कारणले युद्धमा होमिने वातावरण भइरहेकाले महिलाहरूको सहभागिता धेरै भयो ।[१०] जस्तै, इलामकी तारा राईले आफू र आफ्ना वरिपरि घटेका घटनाका कारण युद्धलाई प्रिय मान्दै २०६१ को अन्त्यतिर 'अपत्यारिलो ढंग'ले माओवादी युद्ध रोजेकी थिइन् (राई २०६७ : १३१) । साथै,

---

[९] वि.सं. २०५८ मा तत्कालीन सरकार र माओवादीबीचको युद्धविराम (मंसिर ८ मा) भंग भएपछि बाबुराम भट्टराई (जो शान्तिवार्तापछि प्रधानमन्त्री बने) को संयोजकत्वमा 'संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपाल' गठन भएको थियो । परिषद्ले आफ्नो नीति तथा कार्यक्रम अघि सारेको थियो । युद्धविराम भंग भएकै दिन अर्थात् मंसिर ८ मा माओवादीले जनमुक्ति सेना, नेपालको घोषणा गरी प्रचण्डलाई सर्वोच्च कमान्डर बनाएको थियो र सोही दिन दाङको सदरमुकाम घोराही, स्याङ्जाको सदरमुकाम पुतलीबजार माओवादीले कब्जा गरेको थियो ।

[१०] हुन त माओवादीले लडाकुमध्येमा ४० प्रतिशत महिला रहेको प्रचार गर्दैआएको थियो तर २०६४ जेठ १२ मा अनमिनले गरेको सेना प्रमाणीकरणले जम्मा १९ प्रतिशत (१९,६०२ कूल लडाकुमध्ये ३,८४६ जना) मात्र लडाकु महिला रहेको पुष्टि गर्‍यो ।

माओवादी सेनामा महिला लडाकुको लोभलाग्दो छवि निर्माणसँगै नेपाली सेनामा पनि महिलाको प्रवेश र सहभागिताको ढोका खुल्यो, जसको श्रेय माओवादीले खुलेआम दाबी गर्ने गर्छ ।

### *युद्ध काल : 'उत्साहपूर्ण जीवन'*

युद्धमा होमिएपछि समाज र परिवारअन्तर्गत लिंगीय रूपमा महिलाहरूले खेप्नुपर्ने परम्परागत घरेलु कामकाज र विभेदको एकोहोरो भारयुक्त भूमिका निर्वाह गर्नबाट मुक्त भए । विभिन्न समुदाय र समाजसँगको अन्तरघुलन वा कामकाजमा लिंग, जात वा वर्गको आधारमा नभएर क्षमता, आवश्यकता र समानताको आधारमा काम सम्पन्न गरे (कट्टेल २०६८ : १२८) । राज्यपक्षसँगको लुकामारी, गिरफ्तारी/जेलजीवन र यातना, लडाइँ/आक्रमण, जीत र 'सहादत' प्राप्ति, विवाहजस्ता विषयवस्तु संस्मरणमा प्राथमिकताका साथ प्रस्तुत गरिएका छन् । यद्यपि तिनका केही दाबी विश्वसनीय लाग्दैनन् । जस्तै, गोरीकला विश्वकर्माले युद्धमार्फत आफ्नो गाउँ-समाजमा मान्छेमान्छेबीचको असमानता अन्त्य भएको, स्वतन्त्र र समानतामूलक समाज निर्माण भएको दाबी गर्छिन् (विश्वकर्मा २०६९ : ११३) ।

### *लडाइँमा महिला : 'मर्न जान नपाए रुने जात'*

अनेकौँ यातना, पीडा र व्यावहारिक कठिनाइका बाबजुद पनि महिलाहरू युद्धमा लड्न, आक्रमण या अभियानमा अग्रभागमा सक्रिय हुन वा पार्टीले तोकिदिएको जुनसुकै काममा खट्न हुरुक्कै हुन्थे । बरु कुनै पनि आक्रमण वा कारवाहीको तयारी बेलादेखि नै त्यसमा जान नपाइने वा आफूलाई नलगिने पो हो कि भन्ने चिन्ता पैदा हुन्थ्यो (वि.क. २०६८) । त्यस्तो 'हुरुक्कपन' लाई गोरीकलाले 'मर्न जान नपाए रुने हाम्रो जात' भन्ने उपमा दिएकी छिन् (विश्वकर्मा २०६९ : ५७) । किनकि युद्धमा, खास गरी लड्दालड्दै 'सहिद' हुनु भनेको साँचो अर्थमा 'क्रान्तिकारी' हुनुको अन्तिम प्रमाण सरह हुन्थ्यो । 'सच्चा क्रान्तिकारी'को उपाधि पाउन ज्यान दिन मानसिक रूपमा तयार रहन्थे महिलाहरू । काखे बच्चाको हेरचाहको लागि सम्भावित विकल्प पनि सोच्ने गर्थे (कट्टेल २०६८) । यसले महिलाहरूमा 'सैन्य मनोविज्ञान' र 'मर्नुबीचको अन्तर'को गहिरो छाप बसेको पुष्टि गर्छ । युद्धमा ज्यान दिन वा लिनको लागि पछि नहट्ने बन्न र बनाउका लागि दुईखाले मरणबीचको भिन्नताका बारेमा नेतृत्व तहबाटै स्पष्ट विचार सम्प्रेषण गरिन्थ्यो । जसअनुसार एउटा 'मर्नु' भनेको सामान्य वा गुमनाम मृत्यु, जसरी जन्मेका हरेक मानिस मर्छन् । अर्को 'मर्नु' भनेको 'गौरवशाली' मृत्यु, जसको मूल्य र महत्त्व दुवै उच्च

हुन्छ, जुन सौभाग्य जन्मेका सबैले प्राप्त गर्न सक्दैनन् र त्यस्तो मृत्युले बाँच्नेलाई थप प्रेरणा र शक्ति प्रदान गर्छ भन्ने बुझाइ थियो (लिकम्ट्-टिलोइन सन् २००९) ।

आक्रमण टोलीमा सामेल भइसकेपछि बेलाबखतमा आइपर्ने शारीरिक, भौतिक एवं मानसिक कठिनाइलाई महिलाले आफ्नो उत्साह र इखले पन्छाउँथे । युद्धको विभत्सपनलाई उनीहरूले संयम र साहसले पचाए । युद्धकलासँग सहजताका साथ घुलमिल भए, मानौँ उनीहरू गोली, बम, बारूद, हातहतियार र बन्दुकजस्ता 'खतरनाक' सामग्रीबारे पहिलेदेखि जानकार र लडाइँ, आक्रमणजस्ता 'भयानक' कुरामा पहिलेदेखि पोख्त थिए । तत्कालीन बी.एन. कमान्डर रीमा पूर्वेलीले युद्धको निर्ममतालाई सहज ढंगमा लिएकी छिन् :

> ... जताततै गोलीको आवाज र बारूदको गन्ध आइरहेको थियो । दायाँ फर्केर हेरेँ, विभत्स दृश्य एक्कासी देख्न पऱ्यो । जनम भनेर बोलाएँ । उहाँ बोल्नै नसक्ने अवस्थामा मृत्युको छटपटाइमा हुनुहुँदोरहेछ । बिस्तारै उत्तानो पल्टनुभयो । म जोडले चिच्याएँ, के भयो तपाईंलाई ? उहाँको अनुहार थिएन, दायाँ हातको मासु भुइँमा छिया-छिया भएर छरिएको थियो । म सम्हालिएँ । युद्ध हो, उहाँको साहस र बलिदानलाई स्यालुट गर्दै पछाडि हटाउन सल्लाह दिएँ (पूर्वेली २०६३ : ११५) ।

युद्धमा जीत प्रमुख हो, क्षति (जुनसुकै खालको भए पनि) त अनिवार्य सरह हो भन्ने मान्यतालाई महिला लडाकुहरूले दह्रोसँग आत्मसात् गरेको देखिन्छ । त्यसैले पार्टीको आदेशमा उनीहरू इमान्दार कार्यकर्ताको रूपमा निसंकोच, निस्वार्थ र निर्धक्क खट्थे ।

युद्धकालमा लडाइँको भूमिमा मात्रै हैन, आफ्नै घरगाउँमा आएका प्रहरीका अनुचित व्यवहारको प्रतिकारमा पनि उत्रिए महिलाहरू । २०५४ चैत २६ मा कालिकोटस्थित माल्कोटको बिथलडाँडा घटना त्यसैको उदाहरण हो । यसबारेमा गोरीकला विश्वकर्मा (२०६९ : ६४-६८ र २०६३ : १७९-१८१) र जुनकुमारी रोका मगर (२०६३ : ७५-७८) का अनुसार प्रहरी माओवादी नेताको खोजीमा गाउँ पसेका थिए । त्यसै क्रममा प्याउकला वि.क.लाई एक्कासी गोली हानेपछि स्थानीयबासी आक्रोशित भए । हतियारसहितको ११ जना प्रहरी झुण्डमाथि महिला जाइलागे । प्रहरी भागेर ओडारमा लुके । माल्कोट र कोटवाडाका महिला जम्मा भई ओडारमा आगो लगाएपछि प्रहरी त्यहाँबाट निस्कन बाध्य पारिए । निस्कँदै गर्दा महिलाहरूले गरेको ढुंगा प्रहारबाट एकजनाको घटनास्थलमै र दुइजनाको उपचारका लागि लाने क्रममै मृत्यु भयो । यस घटनालाई अखिल नेपाल महिला संघ (क्रान्तिकारी) ले २०६१ कात्तिकको विस्तारित बैठकद्वारा 'विद्रोह दिवस' को रूपमा मनाउने

घोषणा समेत गऱ्यो (रोका मगर २०६३ : ७६) । जति धेरै थिचोमिचो त्यत्ति नै दह्रो प्रतिकार हुन्छ भन्ने एउटा उदाहरण थियो त्यो घटना ।

लडाइँ वा आक्रमणसम्बन्धी महिला-पुरुष दुवैको अभिव्यक्ति मिल्दोजुल्दो छ । तर पुरुष सहकर्मीभन्दा एउटी महिला कुनै पनि कुरामा कम नभएको प्रायः महिलाले सावित गर्नैपर्थ्यो । त्यसैले युद्धमै भए पनि 'पुरुषार्थ'को काम गर्न पाउनु र सक्नु महिलाका लागि सुनाउनलायक विषय बन्न पुगेको छ ।

### *यातनाका लैंगिक स्वरूप*

माओवादी युद्ध संस्मरणको अभिन्न अंग गिरफ्तार हुनु, जेल जीवन र यातना हुन् । पार्टीको गोप्य सूचना, सैन्य रणनीति तथा योजना, नेतृत्वको पहिचान र तिनको बसोबासको स्थानबारे जानकारी फुत्काउन माओवादी बन्दीहरूलाई अनेक यातना दिइन्थ्यो । शारीरिक यातना महिला-पुरुष दुवैका लागि उत्तिकै कष्टपूर्ण हुन्थे । कुनै पनि बेला कुटिइने-पिटिइने, मारिइने त्रास महिला-पुरुष दुवैमा उत्तिकै हुन्थ्यो । तैपनि मानसिक र यौनिक यातना पुरुषभन्दा महिलाले बढी भोगे (कट्टेल २०६७ : ४०) । जुडिथ पेटिग्रो र सारा स्नाइडरम्यानका अनुसार "ल्याटिन अमेरिका र अन्यत्रका साहित्य (लिटरेचर) ले यातना 'जेन्डर स्पेसिफिक' हुन्छ भन्ने देखाउँछ । महिलालाई दिइने यातनामा बलात्कार र अन्य खालका लैंगिक हिंसामार्फत व्यवस्थित रूपमा उनीहरूको लिंगीय पहिचानप्रति लक्षित गरिन्छ" (पेटिग्रो र स्नाइडरम्यान सन् २००४ : २९) । उस्तै गरी नेपालका माओवादीमाथि राज्यले दिएको यातना पनि 'जेन्डर स्पेसिफिक' भएको तथ्य भेटिन्छ । माओवादीको भगिनी संगठन अखिल नेपाल महिला संघ (अनेमसंघ क्रान्तिकारी) ले युद्धमा मारिएका/मरेका ९४७ जना महिलाको संक्षिप्त परिचय दिएको छ, *महिला सहिद गाथा* नामक पुस्तकमा । ती ९४७ जनामध्ये ४८ जना (जसमध्ये दुई जना क्रमशः ४ र ७ महिनाको गभर्वतीसमेत थिए) लाई गिरफ्तारपश्चात् कतै लगेर वा उनीहरूकै घरमा शारीरिक यातनासँगै पटकपटकको बलात्कारपश्चात् धेरैजसोलाई गोली हानियो । केहीलाई भने शरीरका संवेदनशील अंगहरू (स्तन, आँखालगायत) क्षतविक्षत रूपमा टुक्रा-टुक्रा पारी, नुन-खुर्सानी दलेर, जिउँदै जलाएर वा खाल्डोमा पुरेर ज्यादै अमानवीय तरिकाले मारिएका छन् (अनेमसंघ [क्रान्तिकारी] २०६२) ।

युद्धकालमा बलात्कृत भएका वा बलात्कारपछि मारिएकाको यकिन संख्या र तथ्य छैन । तापनि संस्मरणमा उल्लिखित यातना विवरणलाई हेर्दा पनि महिलालाई उनीहरूको लैंगिकता/यौनिकतामाथि, अझ भन्नुपर्दा उनीहरूको अस्मितासँग केन्द्रित यातना दिइन्थ्यो भन्न सकिन्छ । जस्तै, २०५६ असोजमा आमाछोरी बागमति थापा

र दिव्यज्योति थापा (जो पछि कामनाको रूपमा युद्धमा सक्रिय भइन्) गजुलकोट प्रहरी चौकीमा सई र इन्स्पेक्टरद्वारा बलात्कृत भए । अझ दिव्यजोतिलाई आमाकै अगाडि पटकपटक बलात्कार गरे । माओवादी नेता किमबहादुर थापा (सुनिल, जो वि.सं. २०६० मा मारिए) को परिवार भएकैले ती आमाछोरी बलात्कृत भएका थिए । यौनिक यातना माओवादी पुरुषहरूले पनि खेपे,[११] तर बलात्कृत हुनुपरेको तथ्य भने फेला परेको छैन ।

बलात्कार यौनिक यातनाको सबैभन्दा खतरनाक रूप हो । सूचना फुत्काउन, बन्दीलाई काबुमा ल्याउन, सर्वसाधारणमाझ माओवादीको प्रभाव कम गर्न र आफ्नो शक्ति देखाउन माओवादी महिलालाई यौनिक यातना दिइन्थ्यो । राज्यसत्ताले नियोजित रूपमा महिलालाई राजनीतिक जीवन र क्रान्तिबाट टाढा राख्न बलात्कारलाई हतियार बनाएको हिसिला यमिको धारणा छ (यमि २०६३ङ : २२३-२२५) । यमिको युद्धकालीन महिलाकेन्द्रित लेखन महिलालाई युद्धमा टिकाइराख्ने खुराक सरह थियो । बलात्कृत महिलालाई माओवादी युद्धमार्फत राज्यसत्ताको विपक्षमा दह्रो गरी खडा हुन आह्वान गर्नु (यमि २०६३घ : २१९-२२२) त्यसको नमुना हो । त्यस्ता यौनिक यातना राज्यको माथिल्लो तहबाटै निर्देशित रणनीतिअनुरूप हुन्थे कि तल्लो तहका सुरक्षा कर्मचारीहरू तत्काल जे फुर्‍यो, त्यही गर्थे ? अनुसन्धानविना भन्न गाह्रो छ । र, माओवादी समर्थक या कुनै पक्षको समर्थन नगर्ने महिलासमेत विभिन्न बहानामा (धेरैजसो राज्यपक्षका सुरक्षाकर्मीद्वारा) बलात्कृत भएका छन् । त्यसैले बलात्कार राजनीतिक औजार मात्र थिएन ।

शान्तिकालमा राज्यमन्त्रीसमेत बनेकी दोलखाकी देवी खड्का १८ वर्षको हुँदा २०५४ कात्तिकमा हिरासतमा सामूहिक बलात्कृत भइन् (देवी खड्का २०६४ : ५४-६८) । विक्षिप्त भएर उनले केही महिना जेलभित्रै काटिन् । उनका दाजु रीतबहादुर खड्काबारे सूचना नदिएकाले उनी बलात्कृत भएकी थिइन् । दाजु समातिएपछि उनी जेलबाट छुटिन् र पुनः युद्धमै सक्रिय भइन् । उनले आफू

---

[११] सशस्त्र युद्धमा तुलनात्मक रूपमा पुरुषद्वारा महिला बढी बलात्कृत हुने भए पनि पुरुषद्वारा पुरुष पनि बलात्कृत भएका छन् (अलिसन सन् २००७) । नेपालको माओवादी सशस्त्र युद्धको सन्दर्भमा भने तीन वर्ष जेल बसेका अनेरास्ववियु (क्रान्तिकारी) का तत्कालीन उपाध्यक्ष हिमाल शर्मालाई हिटरमाथि पिसाब फेर्न लगाउने, तिघ्रामा बेलना लगाउनेजस्ता यौनिक यातना दिइएको थियो (खड्का २०५८) । त्यस्तै, २०६१ जेठ २० मा पटनामा गिरफ्तार भई कोतवाली थानामा बस्दा ठुलो ऐनाअगाडि आफ्ना पुरुष साथीलाई नांगै पारेर लिंगमा घोचेको र भारतीय कम्युनिस्ट पार्टी (माओवादी) का महिला बन्दीलाई नांगो पारेर गुप्तांगमा तेजाब छर्किएको, स्तन काटिएको अनिल शर्माले उल्लेख गरेका छन् (शर्मा २०६५ : ५९) ।

बलात्कृत भएको कुरा सार्वजनिक गर्दै युद्ध मैदानबाटै बदला लिने प्रणसमेत गरिन् (खड्का २०५५) ।[१२]

माथि भनिएझैँ केही महिलाहरू प्रहरी एवं सेनाद्वारा बलात्कृत भइसकेपछि पनि विभत्स यातनाद्वारा मारिए । कालीकोटकी चरित्रा न्यौपाने (वन्दना) को बलात्कारपश्चात् स्तन काटेर शरीरमा नुन, चुक लगाइयो र गोली हानी मारियो (विश्वकर्मा २०६९ : ५३) । मिस्र्लकी कुमारी बुढालाई आफ्नै गाउँमा बुबा र आफन्तको अगाडि सर्वांगै पारेर सामूहिक बलात्कृत भइसकेपछि जीवित अवस्थामै दुवै आँखा झिकेर जलाइयो (अविनाश २०६७ : ५१) ।[१३]

गिरफ्तार भएपछि सुरक्षाकर्मीबाट अस्मिता लुटिने त्रासमा बाँच्नुको विकल्प थिएन महिलाहरूसँग (तारा खड्का २०६४ : १९०-१९१) । त्यस्तो त्रास सहनुपर्दा उनीहरू बलात्कृत हुनुपूर्व मृत्युको चाह गर्थे । देवीले बलात्कृत हुनुअगावै गोली हान्न बाध्य पार्ने सोच बनाएकी थिइन्, तर त्यसो हुन सकेन । २०५५ मंसिरमा पार्वती थापा विद्यार्थी जिल्ला सम्मेलनमा सहभागी भएकाले स्कुले पोशाकमै गिरफ्तार भइन् । हिरासतमा इन्स्पेक्टरको आदेशमा नकाबधारीहरूले बुटले छाती (स्तन) मा निर्मम प्रहार गरे । उनी लेख्छिन्, "खुट्टाले सुरुमा चारकुनाबाट फुटबल खेलेझैँ गर्‍यो" (थापा २०६४ : २८०) । त्यसपछि सर्वांगै नांगो पारेर उनीसँगैका अरू महिलालाई समेत सिस्नुपानी लगाइयो ।

माथि उल्लिखित यौनिक यातनासँगै अन्य खुद्राखुद्री यातनाहरू- पानी माग्दा पिसाब फेरिदिनु, यातना वा कुनै कारणवश महिला बेहोस भएमा हिस्टोरिया लागेको भन्दै खिल्ली उडाइनु, अश्लील बोलीवचन, व्यवहार र हाउभाउ नित्य र

---

[१२] जेल मुक्त भएपछि 'युद्ध मैदानबाटै बदला लिनेछौँ' शीर्षकमा देवीको लेख *जनादेश*मा छापियो (खड्का २०५५) । लेखमार्फत देवीले देखाएको साहस र विद्रोहको कदर गर्दै हिसिला यमिको प्रतिउत्तरस्वरूप 'तिम्रो विवाह माओवादी पार्टीसँग भएको छ' भन्ने लेख पहिलो चोटि *जनादेश*मै छापियो । जसको अन्त्य यस्तो छ, "प्रिय बहिनी, अब यो राज्यसत्ताले नै तिमीलाई सँधैको लागि माओवादी पार्टीसित विवाह गराइदियो । अब तिम्रो नयाँ घर भनेको त्यही माओवादी पार्टी हो, तिम्रो जीवनसाथी पनि त्यही पार्टी हो र तिम्रो सन्तान पनि त्यही पार्टी हो । अब तिम्रो सिउँदोमा कहिल्यै पनि सिन्दुर पुछिने छैन, तिम्रो काख कहिल्यै पनि रित्तिने छैन" (यमि २०६३च : २२८) ।

[१३] चरित्रा न्यौपाने (वन्दना) र कुमारी बुढा दुवैको संक्षिप्त परिचय *महिला सहिद गाथा* (२०६२) मा भए पनि उनीहरू बलात्कृत भएको कुरा भने उल्लेख छैन । अध्ययनको क्रममा मैले कुराकानी गरेका महिलाले पनि न्यौपाने र बुढाजस्तै अन्य थुप्रै सहिद महिला मारिनुअघि बलात्कृत भएको तर सूचना सम्प्रेषण एवं संकलनको कमीले पुस्तकमा छुटेको स्विकारे । यसले पर्याप्त जानकारी वा सूचना संकलनविना *महिला सहिद गाथा* प्रकाशित भएकाले बलात्कृत एवं यौनिक यातना खेपेका महिलाहरूको संख्या बढी नै हुनसक्ने अनुमान गर्न सकिन्छ ।

एकदमै सामान्य थियो । त्यसैले हुनसक्छ, संस्मरणकर्ताहरू जेलबाट मुक्त हुँदा 'नाफाको जिन्दगी' पाएको ठान्दै युद्धकै लागि अर्पिने अठोट गर्थे ।

सैनिक हिरासतमा बस्न नपरेकोले पनि उमा भुजेलले यौनिक यातना खेप्नु परेन । उनी गोरखा 'जेल ब्रेक' गरेपछि 'जेल ब्रेकर' महिलाको रूपमा चिनिइन् । त्यसको ठीक विपरीत केही महिलाका जेल मुक्तिको उत्साह र विजयीभाव भने क्षणिक बन्यो । जेल मुक्त भएपछि पार्टीले केही समय जिम्मेवारी नदिने र उपचार गराउँदै बस्नुपर्ने नीति थियो । त्यो चलनले आफू बेवास्तामा परेपछि पार्टीले कारवाही गरेको हो कि अथवा कतिपय मान्छेको पूर्वाग्रहको परिणाम हो? भन्ने आशंका व्यक्त गर्छिन् शोभा (कट्टेल २०६८ : १०४-१०५) । उनी भावना र विचारबीच पिल्सिदै मनोवाद गर्छिन् :

> समर ! तपाईंको अनुपस्थितिकै कारण आज ममाथि भयानक, अकारण, निर्दयी र अन्यायपूर्ण लाठो बजारिएको छ । म अनपेक्षित रूपमा अपमानित भएकी छु यस्तो निर्दयता त मलाई शाही जल्लादहरूले पनि गरेका थिएनन् । ...जेलबाट छुटेपछि बन्दीहरू, कैदीहरू प्वाँख उम्रेको ठान्छन् होला । तर म भने मुक्त आकासमा झन् पीडा र उत्पीडन भोग्दै छु । पीडा पोख्ने ठाउँ नै छैन मसँग (कट्टेल २०६८ : ९२) ।

माओवादी महिलाले हिरासत, बन्दीगृहमा खेपेको यातना संस्मरणमा भेटिन्छ । तर माओवादीभित्रै खेप्नुपरेको विभेद, लैंगिक एवं यौनजन्य हिंसाका सन्दर्भ भेटिन्न । तर, वि.सं. २०५९-६० मा महिला विभागले गरेको सर्वेक्षणले पदोन्नतिमा उपेक्षित हुनु/जिम्मेवारी दिँदा अविश्वास गरिनु,[१४] शारीरिक रूपमा दुर्बल ठान्नु एवं फौजी कारवाहीका लागि अविश्वास गरिनु, यौन शोषणमा पर्नु[१५] आदि (यमि २०६३ग : १४३-१७२) जस्ता शोषण र भेदभाव पार्टीभित्रै महिलाले भोग्नुपरेको कुरा अगाडि ल्यायो ।

---

[१४] वि.सं. २०५५ मा शोभा गिरफ्तार परेपछि पार्टीले नेतृत्व विन्यास र परिचालनमा विभेद गरेका कारण शोभाले अभिभावक मानेको पम्फा थापा पार्टीबाट बाहिरिन बाध्य भएको शोभाको भनाइ छ । त्यति बेला महिला संगठनको जिल्ला अध्यक्ष शोभा र उपाध्यक्ष पम्फा थापा थिइन् । अध्यक्षको हैसियतले पार्टीको निर्णय लागु गर्ने दायित्व निर्वाह गरेकी शोभा घोत्लिन्छिन्, "पार्टीको निर्णय ठीक थियो कि थिएन ? ...अहिले फर्केर हेर्दा निर्णय प्रक्रिया र लागु गर्ने कला दुवै पक्षमा समस्या भएको जस्तो लाग्छ" (कट्टेल २०६८ : ३४) ।

[१५] वि.सं. २०५७ मा माओवादी कार्यकर्ताद्वारा महिला बलात्कृत भएको (कान्तिपुर २०५७) र माओवादी महिलामाथि ऊभन्दा माथिल्लो तहको नेताले बलात्कार गरेको घटना (बानियाँ २०५७) पनि सार्वजनिक भएको थियो । माओवादी युद्धमा महिला सहभागिताको स्थिति अवलोकन गरेका मातृका पौडेलले माओवादीको आन्तरिक कारवाही र विद्रोह महिला र यौनसँग गाँसिएका हुन्थे र केही यौन

## *विवाह र सामाजिक रूपान्तरण*

माओवादी युद्धमा लागेका अधिकांश महिला अविवाहित थिए । तीमध्ये धेरैको युद्धकालमै अन्तरजातीय 'जनवादी' प्रेम विवाह भयो । जीवनसाथी गुमाएपछि पुनर्विवाह गर्ने प्रचलनको विकास भयो । वि.सं. २०५८ मा तत्कालीन सरकार र माओवादीबीचको युद्धविराम (मंसिर ८ मा) भंग भएपछि गठित 'संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपाल'ले महिलाका मुद्दामा माओवादी गम्भीर र साँच्चै प्रतिबद्ध रहेको कुरा देखाउन चाह्यो । प्रेम विवाहमा जोड (महिलाको न्यूनतम उमेर २० र पुरुषको २२), बहुविवाहमा रोक, पत्नीको मञ्जुरीमा सम्बन्धविच्छेद, गर्भपतनलाई संरक्षण, विधवा विवाहलाई प्रश्रय दिइने नीति तथा कार्यक्रम ल्यायो (ज्ञवाली २०६३ : ३४-३५) । माओवादीको नीतिअनुरूपको प्रेम र पुनर्विवाह प्रचलनले विवाहित महिलामा व्यवहारिक कठिनाइ (गर्भधारण, सुत्केरी एवं शिशु स्याहार/व्यवस्थापन) र दोहोरो (शिशु र युद्धप्रतिको) जिम्मेवारी थप्यो । साथै महिलाका लागि विवाह युद्धमै टिकिराख्न मनोवैज्ञानिक एवं भावनात्मक आधार सृजना गर्ने माध्यम बन्यो । उता माओवादीको हकमा भने उक्त नीतिमार्फत युद्धलाई बल प्रदान गर्नु पनि रहेको थियो । किनकि वैवाहिक संस्था रूपान्तरणको दाबी गर्नुको अलावा महिलालाई नियन्त्रण गर्ने साधनको रूपमा माओवादीले विवाहलाई प्रयोग गऱ्यो (पेटिग्रो र स्नाइडरम्यान सन् २००४ : २९) ।

त्यसो हुँदाहुँदै पनि समाजको परम्परागत लैंगिक भूमिका र बन्धनभित्र बाँधिनु नपरेकोले महिलालाई पनि 'क्रान्तिकारी' वैवाहिक सम्बन्धले विभेदरहित र 'नयाँपन'को अनुभूत गरायो । रेणुका चौलागाईंले कक्षा नौमा पढ्दै गर्दा आफू पाँच वर्ष बिहे

---

दुर्घटना र आन्तरिक बलात्कारको घटना पनि घटेको तर त्यसबारे कुरा गर्न माओवादीले नचाहेको साथै उनीहरूसँग घुलमेल हुँदा भने कडा चारित्रिक अनुशासन पाएको भनेका छन् (पौडेल २०६४ : २१९) । अमृता थापाका अनुसार (२०६७ मंसिर १६ मा गरिएको कुराकानीका आधारमा) यस्तो अवस्था पैदा हुने अवसर प्रदान नगर्न माओवादीभित्र महिला र पुरुष दुईजना सँगै हिडडुल नगर्ने, साथमा अर्को व्यक्ति पनि हुनुपर्ने चलन चलाइयो । र, एकआपसको सम्बन्धलाई 'कमरेडीय' भावनामै सीमित राख्ने र व्यक्तिमा पैदा हुने यौन चाहनालाई विचारले नियन्त्रण गर्नुपर्ने प्रशिक्षण दिइन्थ्यो । माओवादीभित्र यौन समस्या देखिन थालेपछि हिसिला यमिले सुझाव दिइन्, "लोग्ने स्वास्नीबीचको प्रेम र यौन सम्बन्धलाई नटुटाउनको लागि र साथै तिनीहरू जनयुद्धमा अझ उत्साहित भएर लागुन् भनेर नै पार्टीले तिनीहरूलाई सकभर एउटै कार्यक्षेत्रतिर पठाउनेमा प्रोत्साहन गर्नुपर्दछ । दुईमध्ये एक घरमै बस्नु परेमा तिनीहरूलाई बेलाबखत भेट्ने सुविधा मिलाउनुपर्छ । युद्धको परिस्थितिले गर्दा कुनै अवस्थामा आफ्नो जीवनसाथीसित धेरै लामो समयसम्म भेट्न नपाउँदा आफूलाई संयम राख्न सिक्नुपर्दछ । यौन जीवनको भावनालाई जनयुद्धको भावनातिर मोड्नुपर्दछ । कथम्कदाचित् त्यस्तो गर्दागर्दै पनि यौन आकांक्षा-भावना आइरहन्छ भने हस्तमैथुनबाट भए पनि आफ्नो यौन आकांक्षा निभाए हुन्छ" (यमि २०६३ग : २०१) ।

नगर्ने निर्णय गरिन् । परिवारले तय गरेको परम्परागत मागी विवाहको विरूद्ध त्यो विद्रोह थियो । तर, लगत्तै विचार र सिद्धान्त मिल्ने नवीन गौतमको प्रस्ताव आएपछि त्यसलाई रूपान्तरणको माध्यम मानेर उनले विवाह गरिन् र आफ्नो युद्धजीवनलाई अगाडि बढाइन् (चौलागाईं २०६४ : २३१-२३२) । युद्धकालीन वैवाहिक जीवनबारे शान्तिकालमा पाल्पाबाट सभासद् बनेकी लीला सोमै मगर श्रीमान् स्व. कैलाशको सम्झना गर्दै लेख्छिन् :

> मलाई दासताको जेलमा बस्नु परेन, कठपुतलीको भेषमा रहनुपरेन । बच्चा पाउने मेसिन जस्तो बन्नु परेन । महिला र पुरूषले गर्नुपर्ने काम छुट्टाछुट्टै हुन्छ भन्ने कुराको मलाई महसुस भएन । जुनसुकै काम पनि जसले भ्याउँछ त्यसैले गर्ने । एकापसमा मिलेर सल्लाह सुझाव समीक्षा बस्ने गर्दै जीवनको गतिलाई अगाडि बढाउँदै जाने बानीको विकास हामीले बसालेका थियौँ (सोमै मगर २०६४ : २७६) ।

युद्धमा जीवनसाथी गुमाएका धेरै महिला मर्माहत भए पनि त्योभन्दा बढी आक्रोशित र बलिया भएर संस्मरणमार्फत प्रस्तुत भएका छन् । उनीहरूको युद्धप्रतिको समर्पण र विश्वास झनै बढेर गएको अभिव्यक्ति परेको छ । अविवाहित महिला र तिनको युद्धकालीन विवाहको सन्दर्भमा जुडिथ पेटिग्रो र सारा स्नाइडरम्यान भन्छन्, "अविवाहित महिलाहरूलाई युद्धमा सामेल गर्न जोड दिनुमा पनि पार्टीले आफूखुशी गरिने विवाहमाथि धेरै हदसम्म नियन्त्रण गर्नु र, राजनीतिक उद्देश्यको लागि वैवाहिक सम्बन्धलाई प्रयोग (म्यानिपुलेट) गर्नु पनि थियो । नेतृत्वको दृष्टिमा विवाह महिलालाई नियन्त्रण गर्ने र पार्टी छाड्न कठिन बनाउने एउटा माध्यम हुनसक्छ" (पेटिग्रो र स्नाइडरम्यान सन् २००४ : २५) । विवाहपश्चात् जीवनसाथी गुमाएपछिको आक्रोश, विद्रोहभाव र बदलाभावको उच्च प्रदर्शनसँगै युद्धप्रति मरिमेट्ने गहिरो संकल्प गर्नु र संकल्प पूरा गर्नुले पेटिग्रा र स्नाइडरम्यानको विश्लेषण सही भएको पुष्टि गर्छ ।

वि.सं. २०५६ मा विवाह गरेको ३१ दिनपछि जीवनसाथी (विवेक, जसको 'प्राविधिक दुर्घटना'मा परी मृत्यु भएको थियो) गुमेको खबर पाउँछिन् चुनु गुरूङ ।[१६] र, अविचलित भएर पार्टी र क्रान्तिप्रति थप समर्पित हुँदै प्रस्तुत हुन्छिन् :

---

[१६] उनी 'सामना परिवार'को संस्थापक सदस्य थिइन् । २०५८ फागुनमा कास्कीको भरतपोखरीस्थित बागमाराबाट गिरफ्तार भइन् । चैत २६ गते मध्यराती शाही सेनाका अफिसरहरूबाट फुलबारी ब्यारेकमा पटक पटक बलात्कृत भइन् । २०५९ वैशाख १२ गते ब्यारेकबाहिर उनको हत्या भयो (क्षेत्री २०६३) । उनको यो संस्मरण श्रीमान्को मृत्यु भएलगत्तै पहिलोचोटि *जनआह्वान* साप्ताहिकमा छापिएको थियो ।

> ...मलाई सामुहिकता चाहिन्छ । मलाई कार्यक्रममा नयाँ योजना चाहिन्छ । ...व्यक्तिवादमा आधारित यो, मात्र मेरो निजी व्यथा होइन, सिंगो संसारमा आधा हिस्सा ओगट्न सफल, हरेक क्रान्तिकारी नारीहरूको सामूहिक पीडा हो । ...म विचारले दृढ छु । मैले मेरो विवेक (जीवनसाथी) लाई गुमाएकी छैन । ऊ मेरो मस्तिष्कमा विचार भएर आइरहेछ । ...कुरीतिले कलंक लगाउन सक्दैन मलाई, व्यभिचारी समाजको कुसंस्कारभित्र जकडिएकी असहाय विधुवा होइन म (गुरूङ २०६४ : ३९, ४१) ।

महिलाहरू युद्धमा जीवनसाथी गुमाएपछि निराश हुनुको सट्टा थप जोश र आक्रोश लिएर पार्टी र क्रान्तिप्रति पूर्ण रूपमा समर्पित भए । जेल परेकै बेला समर गुमाएपछि शोभा कट्टेललाई झन् ऊर्जा मिल्छ, "मैले जीवनसाथी गुमाएकी छु, तर मुटुमा अघि बढ्ने विचार अझ परिस्कृत भएको छ" (कट्टेल २०६४ : ३१) ।

युद्धमा पहिलो जीवनसाथी गुमाएपछि धेरै महिलाले पुनर्विवाह गरे, पार्टीकै तजबिजमा । र, दुवै (पहिलो र दोस्रो) जीवनसाथी गुमाएपछि झनै युद्ध मोह बढेको आश्चर्यजनक दाबी गर्छन् उनीहरू । सामना डि.सी.ले युद्धभूमिमै दुईपल्ट विवाह गरिन् (प्रकाश र रविनसँग), दुवै जीवनसाथी गुमाइन् पनि । २०५६ साउनमा प्रकाशसँग प्रेमविवाह गरेकी सामनाले २०५८ मंसिरमा पहिलो जीवनसाथी गुमाइन् । त्यसपछि २०५९ मंसिरमा राजीखुशी रविनसँग पुनर्विवाह गरेको चार वर्षपछि पुन दोस्रो जीवनसाथी पनि गुमाउँछिन् । दुवै जीवनसाथी गुमाएपश्चात्को पीडा र संकल्प एकैचोटि व्यक्त गर्छिन् :

> मैले यतिबेला एउटै मात्रै हैन, २ जना जीवनसाथीसँग विछोड भएकी छु । मुटु वेदनाले छियाछिया भएको छ । ...अब म धेरै रोएर जीवनसाथीको रगतलाई अपमान गर्न चाहन्न । बरु शोकलाई शक्तिमा र पीरलाई आक्रोशमा बदलेर शरीरमा एक थोपा रगत र एक मुठ्ठी सास रहँदासम्म निरन्तर क्रान्तिमै अन्तसम्म जीवनलाई समर्पित गर्न प्रतिबद्धता जाहेर गरेकी छु (डि.सी. २०६४ : २०५-२०६) ।

सामनाले झैँ सल्यानकी शारदा पुनले पनि युद्धमा दुवै जीवनसाथी पाइन् र गुमाइन् । २०५८ असोजमा विकल्पसँग प्रेमविवाह गरेको डेढ महिनामै जीवनसाथी युद्धमा मारिए । २०५९ फागुनमा उत्तमसँग पुनर्विवाह गरेर वि.सं. २०६० मा एक छोरी जन्माइन् । छोरीसँग भेट नभइकनै २०६१ असारमा उत्तमको पनि युद्धकै क्रममा मृत्यु भयो । त्यसपछि सामनाले अभिव्यक्त गरेकै लवज र संकल्पभावमा प्रण गर्छिन्, "मुक्तिको निम्ति बलिदान गर्नु क्रान्तिको आवश्यकता हो । त्यो आवश्यकताको पूर्ति मेरा दुवै जीवनसाथीले गर्नुभएको छ । दुवै श्रीमान्को विछोडमा

विचार र आस्थाको धरोहर चुलिँदै जानेछ । अबको मेरो प्रेरक शक्ति सिंगो पार्टी क्रान्ति र जनयुद्धका सहिद परिवार बन्नुहुनेछ" (पुन २०६४ : १७४) ।

श्रीमान्, परिवारजन मात्रै हैन, मनले खाएको वा मानेको जोसुकै गुमाएपछि युद्धमा लागिरहने वाचा बाँध्ने क्रम रोकिँदैन । 'सहिद'का स्मृतिमा भावना, पीडा, आवेग, उकुसमुकुस सबै स्वाभाविक रूपमा पोखिन्छन् । तर ती सबैलाई छोप्ने आक्रोश, प्रतिशोधको भावना, आफू थप बलियो, बलिदानी र युद्ध गर्न 'थप' विश्वासिलो भएको अभिव्यक्ति दिनु युद्धमा मृत्यु भएका परिवारका महिलाका बाध्यताझैँ देखिन्छ । सुमित्रा वि.क. युद्धमा श्रीमान् र छोरा गुमाएपछि लेख्छिन्, "दुश्मनले सिउँदो पुछेन कि, कोख रित्याएन कि, तर त्यसको बदला लिने एकमात्र निर्विकल्प बाटोबाट विचलित नभई अघि बढ्ने अठोट गर्दै आइरहेको छु" (वि.क. २०६४ : १५३) । एकातिर यसले महिलाहरू सशक्त भएको देखाउँछ भने अर्कातिर महिलाले आफू युद्ध गर्न 'लायक' भएको कुरा बेलाबेलामा पार्टीलाई विश्वास दिलाइरहनुपर्नेतर्फ पनि इंगित गर्छ ।

महिला भएकैले पछाडि परिने वा पारिने आशंकाले सकेसम्म सबै कुरा व्यक्तिगत तवरबाटै मिलाएर युद्धमै खट्न आतुर हुन्थे । स्वतन्त्र रूपमा युद्धमा लड्न शोभाले आठ महिनाको छोरा श्रीमान्ले नमान्दानमान्दै सासुको जिम्मामा छाडिन् । त्यसपछि छोराबाट सँधैको लागि टाढिन पुगिन् । युद्धकालका ती दिनलाई पुन ब्युँताएर सपार्न पाए हुन्थ्यो भन्ने भाव व्यक्त गर्छिन्, अहिले (कट्टेल २०६८ : ९२) ।

त्यस्तै, युद्धकालीन विवाह युद्ध र पार्टीकै लागि गरिन्थ्यो । दुईजनामध्ये एक पार्टीप्रति बफादार नभएमा सम्बन्धविच्छेद गर्ने प्रतिबद्धता विवाह समारोहको मूल मन्त्र हुन्थ्यो । कतिपय वैवाहिक सम्बन्धको आयु पनि पार्टी र युद्धप्रतिको इमान्दारितासम्म मात्रै सीमित रहन्थ्यो । जस्तै, पक्राउ परेपछि यातना सहन नसकी पार्टीको नीतिविपरीत गएको भन्दै कमला दोङले श्रीमान् (सुब्बा) सँग सम्बन्धविच्छेद गरिन् (दोङ २०६४ : ११२) ।

त्याग, समर्पण र पूर्ण इमान्दारिताका साथ महिलाहरू युद्धमा खटे पनि तिनै महिला युद्धक्रममै जब ढल्छन्, तिनको मूल्यांकन गर्दा पितृसत्तात्मक परम्परा नै आधार बनिदिन्छ । 'सहादत' महिलाका श्रीमानपट्टिका परिवारजनलाई मानसिक एवं भौतिक राहत तथा सम्मान प्रदान गरिने चलनप्रति शोभा असन्तुष्टि व्यक्त गर्छिन् (कट्टेल २०६८ : १३०) ।

हलेह अफसरले "युद्धरत समूह वा संगठनमा युद्धका समय लैंगिक बाधा न्यून हुने गर्छ" (अफसर सन् २००४) भनेका छन् । युद्धपूर्व महिलाले बाँचेको परम्परागत

जीवनको तुलनामा उनीहरूको युद्धकालिन जीवनमा लैंगिक बाधा न्यून थियो भन्ने कुरा संस्मरणले देखाउँछ । तर युद्धजीवनभित्रका लैंगिक असमानता 'वर्गीय मुक्ति' नै सबै समस्याको हल हो भन्ने मान्यताका कारण प्रखर रूपमा आउन सकेका छैनन् ।

### *युद्धपश्चात् : 'अनिश्चित' बाटो*

युद्धकालमा लागु भए/गरिएका कतिपय सामाजिक-साँस्कृतिक नियम र चलनको आयु र प्रभावकारिता शान्तिकालमा घट्दै गइरहेको छ । एक, युद्धकालमा गाँसिएका 'नमुना' वैवाहिक सम्बन्ध शान्तिकालमा आएपछि टुट्न थालेका छन् (खतिवडा २०६८) । त्यसमध्ये पनि खास गरी अन्तरजातीय (विशेषतः दलित-ब्राह्मण) विवाह नै टुट्ने गरेका छन् (कट्टेल २०६८ : १३०) । स्रिला रोयले भारतको नक्सलवादी आन्दोलनकारीका युद्धकालीन 'क्रान्तिकारी विवाह'को सन्दर्भमा जसरी सजिलैसँग वैवाहिक सम्बन्धहरू गाँसिए, त्यसै गरी टुटे भनेका छन् (रोय सन् २००६ : १०४) । नेपालको माओवादी युद्धकालीन वैवाहिक सम्बन्ध पनि त्यति बेला अत्यधिक संख्यामा सजिलै जोडिए । शान्तिकालमा सम्बन्ध टुट्ने क्रम बढ्दो छ । अहिले एनेकपा (माओवादी) को केन्द्रीय कार्यालयमा पारिवारिक किचलो समाधानार्थ र अंशियार सम्बन्धविच्छेदको लागि महिला-पुरुष दुवैका प्रशस्त निवेदन परेका छन् । र, पुरुषद्वारा महिलामाथि गरिने वा लैंगिक शोषण एवं हिंसामाथि छानविन र कारवाही गर्नका निम्ति पार्टीको भगिनी संगठनअन्तर्गत 'अनुशासन विभाग' गठन गर्ने पार्टीले निर्णयसमेत गरेको छ ।[१७]

दोस्रो, माओवादीको पुनर्विवाह नीतिको उपयोगिता युद्धकालमै सीमित हुन पुगेको छ । फलतः पुनर्विवाहको प्रचलन रोकिएको छ, अर्थात् पुनर्विवाह गर्नु असहज बनिसकेको छ । सीता वि.क.ले श्रीमान्को 'सहादत'पश्चात् वि.सं. २०६४ मा अन्तरजातीय पुनर्विवाह गरिन्, तर केही हिच्किचाहट र संकोचसहित । सरला रेग्मी र गुणराज लोहनी दुवैले जीवनसाथी गुमाएपछि एकअर्कासँग पुनर्विवाह गरे । विवाहपश्चात् सरलाले आलोचना खेपिन् :

> ... बिहे गर्न जरुरी थिएन, एउटा बच्चा छँदै थियो । सबैले आदर्श मानेका थिए, त्यो भत्काउनु भयो । यो राम्रो कार्य भएन । यसलाई बलिदान गर्न सक्नुपर्दथ्यो । आखिर बिहे नै नगरिकन पनि कैयौँ महिला बसेका छन्, विकास गरेका छन् ।

---

[१७] रेनु चन्दसँग २०६९ साउन ३२ मा गरिएको कुराकानीमा आधारित ।

> …अब चुनावमा तपाईंप्रतिको दया र सहानुभूति शून्यमा बदलिएको छ र त्यो मान्यता भत्किएको छ । तपाईंको निर्णय ठीक भएन । कमरेड आयाम (पहिलो श्रीमान्) प्रतिको प्रतिबद्धता ढलेको छ (रेग्मी २०६४ : ८) ।[१८]

विवाह सन्तान उत्पादनका लागि हो । श्रीमान् नरहे पनि श्रीमतीले सबै कुराको भार बोकेर आर्दश पात्र बन्नुपर्छ । र, श्रीमान् गुमाएकी एकल महिलाले समाजको दया र सहानुभूतिलाई सक्दो बटुल्नुपर्छ भन्ने परम्परागत मान्यतामा आधारित यो टिप्पणीले माओवादीको पुनर्विवाह नीतिलाई मात्रै नकारेको छैन, माओवादीले देखाएको समानता र महिला मुक्तिको विशाल आदर्शलाई ठुलै धक्का दिएको छ । पक्कै पनि, यसले पुरुषलाई भन्दा महिलालाई बढी कठिनाइ पैदा भएको छ, किनकि पुनर्विवाह गर्ने पुरुषलाई भन्दा महिलालाई नै बढी आक्षेप र आरोप लगाउने परम्परागत चलनबाट सरला अछुतो रहिनन् । अझ पार्टीभित्रै पनि उनले त्यही मामिलामा संघर्ष गर्नुपरेको गुणराजको कथन छ :

> नयाँ वैवाहिक जीवन एउटा क्रान्ति जस्तै भएको छ । सोचेका ठाउँहरूमा भन्दा लडाइँ त अन्तै परेको छ । …त्यसैले यो विवाहका लागि विवाह मात्र नभएर पुराना संस्कृतिका विरूद्धका युद्धको मोर्चा खोलेको जस्तो पो भएको छ । …मलाई भन्न मन लाग्यो- म त पुरुष भएँ, कसैले सामने औँला ठड्याउने कुचेष्टा गरेका छैनन् । तर सरलाले भयंकर लड्नुपरेको छ बाहिर मात्र होइन, भित्र पनि (लोहनी २०६४ : ४८-४९) ।

अतः माओवादीले युद्धकालमा विवाहलाई प्रश्रय दिँदै आफ्नो अनुकूल उपयोग गऱ्यो । उक्त विवाह एवं पुनर्विवाहको रूपमा अभ्यासमा ल्याएको सामाजिक रूपान्तरणको सामूहिक-सामाजिक परीक्षण विफलताउन्मुख छ ।

र, तेस्रो, पार्टीभित्रको अन्तरसंघर्षले गुट हुँदै फुटको दिशा समातेपछि विचारको लडाइँबाट विस्थापित हुनेहरूको संख्या बढ्दो छ । त्यसरी विस्थापित हुनेहरूमा स्वाभाविक रूपमै आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक रूपमा कमजोर महिला पर्छन् । युद्धको आवश्यकताअनुरूपको जीवनशैली भोगेर आएका महिलाहरूको खुला राजनीतिक जीवन समस्याग्रस्त हुन थालेको छ । 'विचार

---

[१८] पुनर्विवाह गरेपश्चात् 'सहिद परिवार' को रूपमा संविधानसभा निर्वाचनमा सहानुभूति र दयाको मत कम हुने आलोचना खेपे पनि सरलाले बर्दियाबाट प्रत्यक्ष निर्वाचनमा विजयी भई सभासद् बनेकी थिइन् ।

प्रमुख हो' भन्ने पार्टीको सैद्धान्तिक नीतिलाई युद्धकालमा महिलाका भावना र संवेदना नियन्त्रण गर्ने 'युद्धअस्त्र' बनाइयो । तर त्यही अस्त्र अर्थात् 'विचार' शान्तिकालमा महिलालाई राजनीतिमा टिकाउने कडी बन्न सकिरहेको छैन (कट्टेल २०६८ : १३१) ।

साहित्यकार मञ्जुश्री थापाले बीचैमा स्कूल छाडेर युद्धमा हिंडेका माओवादी महिला कार्यकर्तासँगको कुराकानीको क्रममा पञ्चायतकालमा झैँ माओवादी युद्धपश्चात् महिलाहरू 'अयोग्य' ठहरिन सक्ने आशय युद्धकालमै व्यक्त गरेकी थिइन् (थापा सन् २००३) । एकातिर युद्ध स्थगनपश्चात्को खुला राजनीतिक परिवेशमा नेतृत्व र निर्णायक तहहरूमा प्रायःजसो पुरुष नै हुनुले धेरै महिला 'अयोग्य' ठहराइएका छन् भन्ने देखाउँछ । अर्कोतिर पार्टीकै नीति निर्देशनमा आफ्नो राजनीतिक जीवन व्यतित गर्नुबाहेक अरू रोजाइ वा विकल्प नभएकाहरूको बाहुल्य छ । त्यसैले शान्तिकालीन जीवन भोग्दै जाने क्रमसँगै धेरै माओवादी महिला बोझिलो फुर्सदमा छन् ।

युद्धकालमा बन्दुक बोकेर लड्ने महिलाको छविलाई 'वार ग्ल्यामर' को रूपमा स्थापित गरियो । अहिले पूर्व लडाकु महिलाका लागि वैचारिक राजनीतिमा प्रवेश गर्न गाह्रो छ । युद्धकालमा सांगठनिक भूमिका खेलेकाहरूले स्थानीय गाउँलेमाझ एक किसिमको प्रत्यक्ष र दोहोरो सम्बन्ध स्थापित गरेका थिए, विचार र सिद्धान्तमार्फत् । जसले गर्दा वैचारिक राजनीति गर्नको लागि झिनो भए पनि पृष्ठभूमि बनेको छ । बन्दुक भिरेका लडाकु महिला बढी जसो एकपछि अर्को आक्रमणमै खटेका हुनाले स्थानीयसँग दीर्घकालीन सम्बन्ध स्थापित गर्न सकेनन् ।[१९] लडाकु महिलाको रूपमा 'नयाँ' पहिचान प्राप्त गरे पनि युद्धस्थगनसँगै सैन्य भूमिका निर्वाह गर्ने पर्याप्त ठाउँ (सेना समायोजनमा योग्य ठहरिनुबाहेक) को अभाव एकातिर छँदैछ । अर्कोतिर माओवादीको 'बुर्जुवा शिक्षा' बहिष्कार नीतिअनुरूप अधिकांश महिलाले कलिलो उमेरमा स्कूले शिक्षा त्यागेर युद्धमा लागेकाले पनि रोजगारीको सम्भावना न्यून छ । फलतः संस्मरण लेखनमार्फत पनि उनीहरू आफ्ना नेतृत्वलाई खबरदारीसमेत गर्न थालेका छन् (हट सन् २०१२) । विशेष गरी पार्टीको नेतृत्व तहमा गुट र फुटको स्पष्ट धारले विभाजनको दिशा लिन थालेपछि नेतृत्वले जे गऱ्यो, त्यो ठीक नभएको तिक्तता पोख्दै पार्टी फुट्न नदिन खबरदारी गरेका छन् (विश्वकर्मा २०६९ : ९८-१०२, कट्टेल २०६८ : १३८-१४४,

[१९] चितवनस्थित शक्तिखोर क्यान्टोनमेन्टका पूर्व लडाकु महिलासँग १० साउन २०६९ मा गरिएको कुराकानीमा आधारित ।

वि.क. २०६८ : १४७-१५२) ।[२०] तर, शान्तिकाल लगत्तैका केही वर्ष युद्ध जीवनका कथा/गाथाका अभिलेख राख्ने हेतुले संस्मरण लेखिएका छन् ।

माओवादीको आकर्षक युद्ध नीतिअनुरूप नै धेरैजसो महिला युद्धमा संलग्न हुन पुगे । यद्यपि युद्धमा लाग्नुको परिवेश र पक्ष धेरै थिए र प्रायजसो ती माओवादी र राज्यका कारण उत्पन्न भए/गराइएका थिए (गौतम, बाँस्कोटा र मानचन्द सन् २००३) । युद्धमा लागिसकेपछि पार्टीकै नीति र आदेशबमोजिम खटे पनि महिलाले हदैसम्मको उत्साह, त्याग र साहसिक जीवनयापन गर्दै वैचारिक तहमा पनि आफूलाई परिष्कृत गरे । युद्ध स्थगनपश्चात् उनीहरूको भूमिका र अवस्था परिवर्तन भएको बेला केही अन्यौल र असहज परिस्थितिको सामना गरिरहेका छन् । तर पनि *छापामार युवतीको डायरी* लेख्ने तारा राईबाहेक अन्य माओवादी महिला संस्मरणकर्ता (कार्यकर्ता एवं पूर्व लडाकु) हरूले दश वर्षे युद्धलाई 'खराब' वा अहितकारी मानेका छैनन्, भनेका छैनन् । बरु युद्धकै गुणगान गाएका छन् ।

## *युद्धमा मातृत्व अनुभव*

"एउटा संस्थाको रूपमा मातृत्वले महिलाका जीवनका प्राथमिक भूमिकालाई परिभाषित गर्छ- जसमा निस्वार्थरूपमा आफ्ना बच्चाबच्चीको पालनपोषणमा उनीहरूले जीवन समर्पित गर्छन्" (पिस सन् १९९८, तामाङ सन् २०१२ बाट उद्धृत) । युद्धरत महिलाले सामाजिक, जैविक र शारीरिक रूपमा ज्यादै महत्त्वपूर्ण प्रक्रिया विवाह, सन्तान जन्माउनु र शिशु स्याहारजस्ता कामकाज लडाइँ सँगसँगै सम्पन्न गरे । पिसले भनेझैँ मातृत्वप्रतिको प्राथमिक भूमिकालाई युद्धमा पनि महिलाले सशक्त भई निर्वाह गरे । गर्भसँगै युद्धमा खटे; सेना वा प्रहरीसँग बच्नको लागि भाग्दाभाग्दै सन्तान जन्माए; दुधे बच्चा पिठ्यूँमा बोकेर स्वविवेक र स्वस्फूर्त रूपमा महिलाले हरेक जोखिममा जुक्ति लगाउँदै आ-आफ्ना जिम्मेवारी पूरा गरे । त्यसरी जिम्मेवारी निर्वाह गरे पनि अमृता थापाले युद्धकालमा बच्चा जन्माएपछि पार्टीले पद घटुवा गरेर कार्यक्षेत्रमा खटायो । यद्यपि पार्टीभित्र महिलालाई प्राथमिकता दिनुपर्ने कुरामा कसैको दुई मत नभएको, तर त्यसको उपयुक्त विधिको विकास नभइसकेको थापाको भनाइ छ ।[२१] सामान्यतया महिलाको सैन्य एवं राजनीतिक

---

[२०] यद्यपि पुष्पकमल दाहाल अध्यक्ष रहेको एनेकपा (माओवादी) फुटेर २०६९ असार ५ मा नयाँ पार्टी नेकपा-माओवादी (मोहन वैद्य 'किरण', जो विभाजनअघि पार्टीको उपाध्यक्ष थिए, को अध्यक्षतामा) गठन भइसकेको छ ।

[२१] थापासँग २०६७ कात्तिक १४ मा गरिएको कुराकानी ।

जीवनमा बाधा पुग्ने हुनाले विवाह भएको तीन वर्षपछि मात्रै बच्चा जन्माउन सुझावसहित प्रशिक्षण दिइन्थ्यो (जुन बाध्यकारी थिएन र अस्थायी सावधानी अपनाउने सामान्य जुक्ति निकालेसरह मात्रै थियो । किनकि विवाह भएको एकदुई वर्षमै बच्चा जन्माउनेको संख्या धेरै थियो) ।

युद्धमा महिलाको सहभागिता बढेपछि वैवाहिक सम्बन्ध गाँसिनु, बच्चा जन्मिनुलगायतका प्राकृतिक कठिनाइ पनि देखा परेपछि माओवादीले 'गर्दै सिक्दै'को नीति अपनायो । जस्तै, थापाले पार्टीसमक्ष आफ्नो कुरा राखेपछि बच्चा पाएकैले महिलालाई घटुवा गरिएन । साथै शिशु स्याहारको व्यवस्था र बच्चाको पालनपोषणको लागि एक तिहाइ आमा र दुई तिहाइ बाबुको जिम्मा हुने नीति माओवादीले वि.सं. २०५८ मा अघि सार्‍यो (ज्ञवाली २०६३ : ३५) । तर व्यवस्थापन र कार्यान्वयन पक्ष भने कमजोर रह्यो । त्यसैले अधिकांश आमा बनेका महिलाले आफ्नै बलबुतामा आफ्नो र शिशुको रेखदेख गर्दै युद्धप्रतिको जिम्मेवारी पनि पूरा गरे । तैपनि मातृत्वको प्रक्रिया पूरा गर्दै पार्टीले सुम्पेको जिम्मेवारी निर्वाह गर्दाका चुनौतीपूर्ण अनुभवलाई महिलाले गौण रूपमा प्रस्तुत गर्ने वा आफूभित्रै सीमित राख्ने गरेका छन् । धेरैले उक्त पक्षलाई संस्मरणको विषयवस्तुमा समावेश नै गरेका छैनन् । थोरैले विषयलाई कोट्ट्याएका मात्रै छन् । संस्मरणकर्ता (८६ जना महिला) मध्ये खुलस्त र विस्तारमा आशा महतराले आफ्नो मातृत्व अनुभव लेखेकी छिन् । उनी वि.सं. २०५६-२०५७ मा सुत्केरी हुँदाको घटना प्रसंगले निकै जोखिमपूर्ण अवस्थाको चित्रण गर्छ :

> मेरो बच्चा जन्मने दिन नजिकिँदै थियो । तर हामी क्रान्तिकारीहरूलाई न त आराम थियो, न त कुनै सुविधा नै । लामो अनि जंगलको बाटो हाम्रो यात्रा जारी थियो । मलाई व्यथाले च्याप्दै आयो । म रगतले रक्तमुच्छेल हुँदै हिँडिरहेँ । त्यही क्रममा गाउँ त भेटियो तर सामन्ती कुसंस्कारकै कारण घरभित्र पस्न दिइएन । गहुँको नल बिच्छ्याएर गाई गोठमा मलाई राखियो । उज्यालो हुँदै गयो, फेरि हाम्रो यात्रा सुरु भयो । मलाई अत्यन्त बाधा भईरहेको थियो । हिँड्दाहिँड्दै रूकुम मालुबेलाको बीच बाटोमा पर्ने खोलाको बगरमा बच्चा जन्मियो । मसँग एकजना साथी मात्र हुनुहुन्थ्यो । ...गोठाला आएकी गाउँले दिदीको सहयोगमा खाजा बोक्ने झोलाको धागोले बाँधेर बगरमै बच्चाको नाभी काटियो । बच्चा जन्मेको एक घण्टापछि लगातार दुई घण्टा हिंडेर गाउँमा आराम गर्न पुगें । त्यहाँ छापा मार्न थालियो । नौ दिनको बच्चा बोकेर दुश्मनबाट बच्नको लागि गाउँ छाडेँ । कार्यक्षेत्रको फेरबदल हुँदा म सिमाक्षेत्रको सञ्चार पोस्टमा खटेँ । त्यहाँ पनि भारतीय गुण्डाहरूले मेरो बच्चालाई थुनेर चारजनाले मलाई बलात्कार गर्ने प्रयास

> गरे । तर म घरको छतबाट भाग्न सफल भएँ र बच्चालाई पनि बचाएँ । त्यस दिन आमा छोरीले जंगलमै रात बितायौँ । दिउँसो मात्र सम्पर्कमा पुग्न सकेँ (महतरा २०६४ : ३१३) ।

महतराबाहेक गर्भावस्था र मातृत्व अनुभव लेखेका संस्मरणकर्ताको अनुभव ज्यादै संक्षेपमा छन् । उदाहरणका लागि भूमिगत श्रीमान्बारे सोधखोज गर्दै सुरक्षाकर्मीले बच्चा बोकेको गर्भमा बन्दुकको नालले घोचे (चौलागाईं २०६४ : २३२) । त्यस्तै, दुई वर्षको छोरा 'जनता'कै घरमा छाडेर 'गाउँ जनसरकार' अधिवेशन सम्पन्न गर्न हिंडेपछि भीमकुमारी वली अनुभव गर्छिन्, "...आज मेरो बाबु छोडेको दिन बाबुको बुबु सुन्निएर हात चलाउन दिइरहेको छैन । अलि पीडा भइरहेको छ, ज्वरो आउलाजस्तो । रात धेरै गइसकेको छ । यति धेरै दूध पिउनेरहेछ । बाबु कति बिलौना गरेको होला, आफैँ भक्कानिन मन लाग्छ" (वली २०६४ : ११९) । सुरक्षाको लागि सम्झना घर्तीले आफ्नो सुत्केरी अवस्था जंगलमै बिताइन् । त्यसपछि छोरीसँगै युद्धमा सक्रिय हुँदाको कठिनाइबारे लेख्छिन्, "...एकातिर नानी हुर्काउनुपर्ने, अर्कोतिर पार्टी र क्रान्तिको जिम्मेवारीका कारण केही व्यवहारिक समस्या थिए । मेरा व्यावहारिक समस्या बुझेर वैचारिक सहयोगका लागि पहिलेभन्दा छिटोछिटो (श्रीमान्ले) पत्र पठाउन लाग्नुभयो" (घर्ती २०६४ : २९२) । सीता वि.क.ले जयपुरी घर्तीसँग उनको माइतीघर पुगेपछि घर्ती आमाछोरीको भेटघाट र पुनः छुट्टिनुपर्दाको भावुक परिवेशको वर्णन गरेकी छिन् (वि.क. २०६८ : ४८-५३) । जयपुरीको संस्मरणमा यी कुरा परेका छैनन् । यद्यपि उनको मौखिक अभिव्यक्तिले युद्धकालमा आमा हुनुको भौतिक र मानसिक कठिनाइ झल्काउँछ :

> छोरी दुई वर्ष पुगुञ्जेलसम्म आफैले बोकेर कुद्थैँ । रातिराति हिँडेरै लामा-लामा दूरी पार गर्थें । जंगलमै सुत्थैँ । चिसोले छोरीले छेर्दा, धेरै समयसम्म बिरामी हुँदा भने एकदमै गाह्रो हुन्थ्यो । दुई वर्ष पुगेपछि केही समय माइतीमा छाडेँ । पछि दाङमा जनताकहाँ छाडेँ । आठ वर्षसम्म उनीहरूले नै हुर्काइदिए छोरीलाई । ...युद्धमा सबै कुरा भोगियो र चेतना र उच्च मनोबलको आडमा पचाइयो पनि । अहिले महसुस गरिराछु, सुत्केरी बेलामा स्याहार पाए जीवनभरिको तन्दुरुस्ती, नत्र अनेक रोग उत्पन्न हुने रहेछ । रोगको पीडा चाहिँ अहिले बेहोर्नु परिराछ ।[२२]

[२२] २०६७ मंसिर २० मा गरिएको कुराकानी । पछिल्लो समयमा आएर घर्तीले बेहोरिरहनु परेको महिलासम्बन्धी एवं अन्य स्वास्थ्य समस्याबाट रुकुमकी कमला रोका, बाराकी ज्वाला शाह पनि ग्रसित भएको कुराकानीको क्रममा उनीहरूले बताएका थिए ।

संस्मरणमा धेरैले उल्लेख नगरे पनि मौखिक रूपमा अभिव्यक्त हुँदा (मसँगको कुराकानीमा) प्रायःजसो महिलाले युद्धकालमा महिला हुँदाको चुनौतीपूर्ण अवस्थाको रूपमा मातृत्व अनुभव नै सुनाए ।[२३] शान्तिकालमा राज्यमन्त्री बनेकी बाराकी ज्वाला साहको अनुभव यस्तो छ :

> मेरो छोरा डेढ महिनाको हुँदा मकवानपुरको भुरभुरे घटना भयो । त्यो सफल भयो, तर धेरै क्षतिसहित । कोही साथी क्षतविक्षत भई प्राण त्याग्दै थिए । कोही घाइते भएर रगतको आहालमाथि छट्पटाइरहेका थिए । हेलिकप्टरले खसालेको बमको आवाजले मेरो बच्चा बेहोस भयो । म साथीहरू स्याहारुँ या बच्चा ? लथालिंग स्थितिमा धरधरी रोएँ । फापरबारीबाट औषधी ल्याएर जबरजस्ती कोच्यौँ । यता अनेक उपाय लगाउँदा पनि मेरो बच्चा ब्युँभिएन । उता हसियाँको बिंड फुटाएर तताउँदै एउटा साथीले अर्को साथीको जीउबाट गोली भिक्दै थियो । अर्को साथीको चाहिँ छातीमै गोली लागेकाले केही गर्नै सकेनौँ । लल्याकलुलुक भएको छोरा र साथीहरूको नाजुक स्थितिमा मनले हरेस खाँदै थियो । त्यस्तोमा धामीको भारफुकको जोहो गरिन् एकजना गाउँकै भाउजुले । छोराको नाजुक अवस्थाअगाडि मैले मार्क्सवादी सिद्धान्त मानेर 'नाइँ' भन्न सकिन । धामीले छोराको नाडी छाम्यो । एकैछिन पछि पिर्लिक्क आँखा खोल्यो । अहो, कस्तो संयोग ! क्षणभरमा उमंग छायो । मसँग भएजति सबै पैसा थमाउँदै धामी बालाई भनैँ, 'कपडा लाउनू' ।[२४]

युद्धकालमा जुनसुकै फाँट र क्षेत्रमा खटिएका आमा-बच्चाका लागि भौतिक-शारीरिक-मानसिक कठिनाइ मनग्गे थिए । रेडियो जनगणतन्त्र रेडियो पूर्वी प्रसारणमा काम गर्दागर्दै बच्चा जन्माएकी सिन्धुपाल्चोककी कल्पना न्यौपाने आफ्नो मातृत्व अनुभव सुनाउँछिन् :

> संगठनको काम छाडेर २०६१ मा सिन्धुलीमा रेडियोमा काम गर्न गएँ । त्यही बेला खाना नरुच्ने, पानीसमेत देख्नै नहुने, देख्यो कि बान्ता भइहाल्ने । बिछट्टकै कुरा, एउटी महिलाले त्यस्तो दिन पनि भोग्नुपर्दोरहेछ । घुर्मीमा जँचाउँदा केही छैन

---

[२३] मसँग कुराकानी भएका १२ जना माओवादी महिलामध्ये ८ जनाले युद्धकालमा विवाह गरे । बाँकी युद्धमा लाग्नुपूर्व विवाहित थिए । ती मध्येमा १० जनाले 'युद्धमोर्चा'मा बच्चा जन्माए । 'युद्धमोर्चा'मा बच्चा जन्माउनेमध्ये ९ जनाले महिला भएकाले युद्धको अविस्मरणीय भोगाइमा गर्भावस्था, सुत्केरी र नाबालक शिशुसँगै युद्धमा खट्नुलाई स्मरण गरेका थिए ।

[२४] २०६८ असोज ६ मा गरिएको कुराकानी ।

> भन्यो । ५० किलोको जेनेरेटर फेदीबाट फिक्कलको डाँडोमा पुऱ्याएँ । मेरो ब्लिडिङ हुन थाल्यो । महिनावारी भएछ भन्ठानें । पछि भोजपुर र खोटाङमा पनि देखाएँ । खै ! मिति सकिएको प्रविधि लगिएकाले हो कि नेगेटिभ देखायो । मोरङ झरेर विराट नर्सिङ होममा जँचाएपछि चार महिनाको बच्चा पेटमा हुर्किरहेको पक्का भो । यत्रो दुःख गरेर अपांग रहेछ भने के जन्माउनु भन्ने लाग्यो । काठमाडौँ आएँ । डा. भोला रिजालकहाँ देखाएँ । बच्चा सांगै रहेछ । फर्केर गाउँमै सांगठनिक भूमिकामा खटिरहे । ०६२ कात्तिक २७ गते व्यथाले च्याप्न थालेपछि अस्पताल गएँ । तर न साथमा पैसा थियो, न जुटाउन सक्ने स्थिति नै । डिपोजिटबिना औषधी-उपचार चलाएनन् । सेनाले बेपत्ता पारेर भर्खरै निस्केको भाइले डिपोजिट राखिदिएपछि औषधी चलाइयो । मेरो कुपोषित बच्चालाई पम्पले तानेर निकालेर आइसियुमा राखिएको रहेछ । मलाई देखाउन ल्याउँदा बच्चाको मुखबाट रगत आयो । तुरुन्तै फर्काएर लगे । म एकदमै कमजोर महसुस गर्दै चुपचाप लमतन्न परेर ओछ्यानमै लडिरहेँ । डाक्टरको फिस तिर्न नसक्ने भएपछि नाकमा पाइप जोडेर दुध खुवाइँदै गरेको अवस्थामा बच्चालाई अस्पतालमै छाडेर हिडेँ । पछि सासुआमा आएर बच्चालाई अस्पतालबाट निकाल्नुभो ।[२५]

युद्धकालको मध्यतिर आशाले खेपेको अप्ठ्यारा होस् या युद्धकालको अन्त्यतिर कल्पनाले भोगेको कठिनाइ, दुवैले आ-आफ्नै तजबिजमा व्यवहारिक कठिनाइ पन्छाएका छन् । यी दुवैको अनुभवले युद्धकालमा आमा बनेका महिलाको कठिनाइ र भोगाइको झल्को दिन्छ ।

कतिपय सन्दर्भमा महिलाको विशिष्ट अवस्थाबारे सम्बन्धित नेतृत्वमा संवेदनशीलता र व्यावहारिक अवस्थाप्रतिको पर्याप्त ज्ञानको कमीले पनि थप कठिनाइ पैदा गर्थ्यो । उदाहरणका लागि युद्धकालमा तत्कालीन डोटी जिल्ला इन्चार्ज रेनु चन्दले आफ्नो एक कार्यकर्ताको गर्भावस्थामा आपत्कालीन चाँजोपाँजोका लागि पार्टीका तर्फबाट चार हजार रुपैयाँ दिइन् । तर उनको नेता (जो पुरुष थिए) ले त्यो सुविधा दिएकोमा आपत्ति जनाए ।[२६] सुत्केरी अवस्था सम्बन्धमा माओवादीको कुनै निश्चित नीति थिएन । बरु सामाजिक-साँस्कृतिक कुरीति तोड्ने (थापा सन् २००३) र 'बहादुर' कहलाउन प्रेरित गर्ने नाममा महिलाको 'विशिष्ट' अवस्थामा उत्पन्न कठिनाइ/चुनौतीलाई गौण ठान्ने परिस्थिति सृजना गऱ्यो र प्रायःले 'साहसिक आमा'को रूपमा युद्ध मैदानमा बच्चा जन्माउने र उसको रेखदेख गर्ने

---

[२५] २०६७ पुस २० मा गरिएको कुराकानी ।

[२६] २०६८ फागुन १ मा गरिएको कुराकानी ।

कार्य सम्पन्न गरे । मातृत्वलाई बढी जोड दिँदा युद्ध जीवनमा पछि परिने, आफ्नो 'क्रान्तिकारिता' माथि प्रश्न चिन्ह लाग्न सक्ने वा कतै आफूले गरेको मिहिनेत त्यही अवस्थाका कारण कमजोर हुने हो कि भन्ने खालको असुरक्षितपनका कारण महिलाहरू सचेत रूपमै त्यो अवस्थालाई गौण मान्दै युद्धमा खटे । स्मृति वा संस्मरणको महत्त्वको दृष्टिले पार्टीगत तह र हैसियत बढ्दै जाने क्रमसँगै मातृत्वको विषय गौण बन्दै गएको छ । मूलतः 'वर्गसंघर्ष'सँग गाँसेर हेर्दा युद्धमा खेपेको मातृत्वसम्बन्धी सबै व्यावहारिक कठिनाइ 'सामान्य' मान्नुपर्ने उनीहरूको ठहर छ । त्यसैले युद्ध स्मृतिका चाङमाझ गर्भावस्था-सुत्केरी-शिशु व्यवस्थापनका चरणगत अप्ठ्याराका प्रसंग युद्धकालमा आमा बनेका महिलाका निमित्त स्मरणीय हुँदाहुँदै पनि उनीहरूको प्राथमिकतामा भने पर्दैन ।

## निष्कर्ष

संस्मरण लेखन र प्रकाशन तीव्र गतिमा भइरहेको भए पनि महिलाले आफ्ना युद्धजीवनका अनुभव पूरापुर व्यक्त गर्न सकेका छैनन् । दश वर्षको उथलपुथलमा भोगेका अनुभवको एकदमै सानो अंश मात्रै प्रकाशित छ । दश वर्षे अनुभवका अधिकांश पक्ष संस्मरणमा समेटिँदा थुप्रै विषयवस्तुबारे जानकारी दिए पनि तिनको मिहिन प्रस्तुति हुन सकेको छैन । साथै संस्मरण लेखन अभ्यास र सम्पादनको कमीले पनि संस्मरणको विषयवस्तु, ढाँचा-ढर्रा र प्रस्तुतिमा प्रभाव पारेको छ । र, यो लेख तयार पार्ने क्रममा धेरैजसो महिलाले विभिन्न कारणले लिखितमा भन्दा मौखिक रूपमा आफूलाई अभिव्यक्त गर्न रुचाएको एवं सहज महसुस गरेको पाइयो । माओवादीकै भाषामा भन्नुपर्दा 'जनयुद्ध जनताकै लागि हो' । महिला मुक्तिका खातिर, प्रत्यक्ष रूपमा 'जनता'का समस्याका हल गर्दै 'जनयुद्ध' लडेको दाबी गर्नेहरूको स्मृतिमा महिलासँग सम्बन्धित सामाजिक-साँस्कृतिक कुरीतिका (जस्तै महिलासँग प्रत्यक्ष जोडिएको मदिरानिषेध, बहुविवाहविरुद्ध अभियानजस्ता) कुनै पनि घटना प्रसंग संस्मरणमा पढ्न पाइँदैन । सँधै 'जनता' केन्द्रमा रहने दाबी गर्ने माओवादी युद्धकर्ताका स्मृतिमा तिनै समुदायसँगको अन्तर-सम्बन्धको पाटो छुट्नु आश्चर्यलाग्दो कुरा हो ।

महिला कमजोर छैनन् र सँधै संरक्षण मात्रै खोज्दैनन्, बरु उद्देश्य प्राप्ति र स्वाभिमानका साथ बाँच्ने, गौरवका साथ मर्ने अभिलाषामा जुनसुकै कठिनाइसँग जुध्न सक्षम रहेको कुरा युद्धकालीन महिलाका अनुभवले प्रस्ट्याउँछ । 'नेपाली महिला'मध्ये जातीय-आर्थिक-सामाजिक-शैक्षिक रूपमा पछाडि परेका/पारिएका, हेपिएका-चेपिएकाले नै युद्धमार्फत आफूलाई शारीरिक एवं मानसिक रूपमा सशक्त

ढंगले प्रस्तुत गरेका छन् । बलात्कृत हुँदा अथवा विभिन्न खालका कठिनाइ र यातना झेल्दा होस् या मानवीय क्षति बेहोर्दा होस्, उनीहरू निडर भई लडे । लैंगिक एवं यौनिक तथा शारीरिक एवं भौतिक रूपमा उनीहरूले हदैसम्मको यातना र कठिनाइ भोगे पनि आफूले भोगेमध्येको 'राम्रो' जीवन न युद्धअघिको थियो, न त पछिकै, त्यो त केवल युद्धकै जीवन भएको (तारा राईबाहेकले) ठान्छन् ।

युद्धकालमा महिलाले पुनर्निर्माण गरेका मान्यता र चलनहरू युद्ध स्थगनसँगै कमजोर हुँदै गइरहेको छ । त्यसको पीडा संस्मरणमा झल्किन्छ । फलतः युद्धगाथाका 'अभिलेख' राख्ने हेतुले सुरु भएको संस्मरण लेखनमार्फत 'खबरदारी'को काम गर्न थालेका छन्, संस्मरणकर्ताले । विशेष गरी युद्धकालमा निर्वाह गरेको भूमिका र योगदानलाई पार्टी नेतृत्वले मूल्यांकन गर्दै खुला राजनीतिमा प्रवेश गरेको पार्टीभित्र स्थापित गराउनेतर्फ लक्षित भई उनीहरूले त्यस्तो खबरदारी गर्ने गरेका छन् । त्यसबाहेक माओवादी युद्धमार्फत प्राप्त हुने भनिएका समानता र स्वतन्त्रता प्राप्त नभइसकेकाले त्यसप्रति नेतृत्वको ध्यानाकर्षण पनि गराएका छन् । यसरी संस्मरणकर्ताले आफ्ना विगतका अनुभवलाई बाँड्ने मात्रै हैन, पार्टी र नेतृत्वसमक्ष आफ्ना कुरा पुऱ्याउने एउटा माध्यमको रूपमा संस्मरणलाई उपयोग गरेका छन् ।

समग्र संस्मरण लेखन शैली र विषयवस्तुका हिसाबले विचार र सिद्धान्तकेन्द्रित निबन्धसँग निकट छन् । जसमा 'हामी' र 'हाम्रो' को सामूहिक भावना र विचार बढी छ । निजत्वको कमी छ । 'वर्गीय मुक्ति' को आडमा जातीय, लिंगीय सरोकारका विषयवस्तु ओझेलमा परेका छन् । अत्यधिक महिलाहरूले युद्ध लड्दै कठिनाइका साथ सन्तान जन्माउने, हुर्काउने काम गरे तापनि त्यसबारेमा एकदम थोरैले मात्रै संस्मरणमा उल्लेख गरेका छन् । लैंगिकताको दृष्टिले युद्धकालिन मातृत्व अनुभवले महिला संस्मरणलाई एक अलग पहिचान र स्वाद दिन्छ भनेर मान्ने हो भने ती स्मृतिहरू संस्मरण पुस्तकमा अटाउनु पर्छ । तथापि संस्मरण लेखनको पछिल्लो (यो लेख तयार हुँदासम्म) समयमा आइपुग्दासम्म महिलाका युद्ध स्मृति लेखनको विषयवस्तुमा विविधता (जस्तै, लडाई, आक्रमणबाहेकका लैंगिकता, पार्टीभित्रको आन्तरिक सवालमा पनि केही प्रसंग अटाउने गरी) आएको छ । यसले अब उप्रान्त युद्धकालका विविध आयामसहितको खदिँलो संस्मरण आउने आशा जगाउँछ । यद्यपि आम पाठकलाई लक्षित गरेर लेख्ने हो भने संस्मरणकर्ताले विषयवस्तु छनोट, प्रस्तुतीकरण, भाषाशैली र सम्पादन पक्षमा मनग्गे ध्यान दिनुपर्छ ।

## धन्यवाद

यो लेखलाई विभिन्न चरणमा परिमार्जन गर्नको लागि सुझाव दिनुहुने मार्टिन चौतारीका सेरा तामाङ, प्रत्यूष वन्त, योगेश राज, देवराज हुमागाईं, अर्जुन पन्थी, वन्दना ढकाल र गौरव केसीलाई धन्यवाद छ । अध्ययनको क्रममा सामग्री संकलन एवं स्रोत व्यक्तिसँग कुराकानी गर्न सहयोग गर्नु हुने चिरन मानन्धरप्रति कृतज्ञता प्रकट गर्छु । त्यस्तै अनुसन्धानको क्रममा आ-आफ्नो अनुभव सुनाउने एवं जानकारी उपलब्ध गराउनु हुने माओवादी नेतृहरूः अमृता थापा, इन्द्रवती अधिकारी दनुवार, उमा भुजेल, कञ्चन खनाल, कमला रोका, कल्पना न्यौपाने, दामा शर्मा, जयपुरी घर्ती, ज्वाला साह, रेनु चन्द, रेनु दाहाल र सत्य पहाडीलाई धन्यवाद छ । द स्कूल अफ ओरियन्टल एन्ड अफ्रिकन स्टडिज, युनिभर्सिटी अफ लन्डन र मार्टिन चौतारीको सहकार्यमा सम्पन्न 'द क्रिएसन अफ पब्लिक मिनिङ ड्युरिङ नेपालस् डेमोक्र्याटिक ट्रान्जिसन' (सन् २०१२) नामक कार्यशालामा प्रस्तुत यो लेखको प्रारम्भिक मस्यौदामाथि महत्त्वपूर्ण टिप्पणी गर्नु हुने मारी लिकम्ट्-टिलोइन्प्रति आभार प्रकट गर्छु ।

## सन्दर्भ सामग्री

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) । २०६२ । *महिला सहिद गाथा* । काठमाडौँ : अखिल नेपाल महिला संघ (क्रान्तिकारी) ।

अविनाश । २०६७ । *जङ्गको मैदानमा* । स्थान नखुलेको : जनमुक्ति सेना नेपाल, पाँचौं डिभिजन ।

आचार्य, मीना । २०६८ । *नेपालको महिला आन्दोलनका परिवर्तित सन्दर्भ : एक विवेचना* । काठमाडौँ : टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान/सहभागी ।

कट्टेल, शोभा । २०६४ । महान् सहिद क. समर : मेरो आस्थाको धरोहर । *पीडाभित्रको आक्रोश*, पृ. २९-३१ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

कट्टेल, शोभा 'प्रतिभा' । २०६८ । *समरका स्मृतिहरू* । चितवन : समर-प्रतीक मासिक ।

कान्तिपुर । २०५७ । माओवादी नेतृत्वले माफी माग्नुपर्छ (सम्पादकीय) । ११ माघ, पृ. ६ ।

कान्तिपुर । २०६७ । ताराको डायरीमाथि रुँदै । १६ साउन, पृ. ११ ।

क्रान्ति, रेखा । २०६४ । म लालसेना कसरी बनें ? *पीडाभित्रको आक्रोश*, पृ. १७५-१७८ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

कोवान, साम । २०६७ । खारा र पिलीमा हारिएका लडाइँ । *नेपाली सेना : नागरिक नियन्त्रणका चुनौती* । सुधीर शर्मा, सं., पृ. २११-२२२ । काठमाडौँ : मार्टिन चौतारी ।

क्षेत्री, राजु । २०६३ । संघर्षमय जीवनको अन्तिम क्षणमा चुनु गुरूङ । *जनादेश* । २७ भदौ, पृ. ४ ।

क्षेत्री, राजु । २०६७ । छापामार युवतीको डायरी । *जनादेश* । २५ साउन, पृ. ४ ।

खड्का, तारा 'अन्जु' । २०६४ । जेलभित्रको जेलमा बस्दा । *पीडाभित्रको आक्रोश*, पृ. १८९-१९१ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

खड्का, देवी । २०५५ । युद्ध मैदानबाटै बदला लिने छौँ । *जनादेश,* २२ वैशाख ।

खड्का, देवी । २०६४ । कहालीलाग्दो चार महिना । *पीडाभित्रको आक्रोश*, पृ. ५४-६८ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

खड्का, संगीता । २०५८ । कहिले निर्माण हुन्छ यातना मुक्त समाज ? *दिशाबोध* ४(६) : २५ ।

खतिवडा, विदुर । २०६८ । नेताहरू पारपाचुकेमा : घरघरमा भाँडभैलो । *साप्ताहिक,* २ मंसिर, पृ. १/२४ ।

गिरी, अमर । २०६७ । पठनीय संस्मरणात्मक कृति । *बुधबार*, २३ भदौ, पृ. ४ ।

गिरी, गिरीश । २०६७ । छापामारले रूवाइन् । *नागरिक*, १६ साउन, पृ. १/२ ।

गुरूङ, चुनु । २०६४ । कस्तो हुन्छ मुटु टुक्रिएको बेला संवेदनाको त्यो घडी । *पीडाभित्रको आक्रोश*, पृ. ३६-४१ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

घर्ती, सम्झना । २०६४ । क्रान्तिकारी वैवाहिक जीवनको ५ वर्ष र शहादत पछिको प्रतिबद्धता । *पीडाभित्रको आक्रोश*, पृ. २९०-२९५ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

चाम्लिङ, तिलक । २०६७ । मिडियाको हंगामा : पाठक भुसुक्कै । *नवयुवा*, भदौ ।

चौलागाई, रेणुका । २०६४ । ऊसँग फेरि भेट भएन । *पीडाभित्रको आक्रोश*, पृ. २३०-२३७ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

ज्ञवाली, अर्जुन । २०६३ । संयुक्त क्रान्तिकारी जनपरिषद् नेपालको न्यूनतम साझा नीति तथा कार्यक्रम । *माओवादीको राष्ट्रिय र अन्तर्राष्ट्रिय आयाम,* पृ. ३४-३५ । काठमाडौँ : निरन्तर प्रकाशन ।

डि.सी., सामना । २०६४ । पीडाले अझै दृढ बनाएको छ । *पीडाभित्रको आक्रोश*, पृ. २०२-२०६ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

ढकाल, योगेस । २०६७ । प्रचण्डको मायाले पेट भरिदैन ! *साँघु*, ३१ साउन, पृ. ५ ।

थापा, पार्वती । २०६४ । संघर्षमय जीवनको अत्यन्त कष्टकर क्षण । *पीडाभित्रको आक्रोश*, पृ. २७८-२८२ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

थापा मगर, अमृता । २०६७ । पाँचौ राष्ट्रिय सम्मेलन र कार्यभारहरू । *जनयुद्ध, संविधान सभा र महिला मुक्ति,* पृ. ३२-३६ । काठमाडौँ : अ.ने.म.संघ (क्रान्तिकारी) केन्द्रीय समिति ।

देवकोटा, यदु । २०५८ । सरकार र माओवादी निकट महिला संघबीच बुधबार वार्ता । *स्पेसटाइम*, साउन ३०, पृ. १ ।

दोङ, कमला । २०६४ । सङ्घर्षको जीवन यात्रा । *पीडाभित्रको आक्रोश*, पृ. ११०-११३ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

नेकपा (माओवादी) । २०६३ । *नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को ऐतिहासिक दस्तावेजहरू* । स्थान नखुलेको : प्रसवि प्रकाशन, ने.क.पा. (माओवादी) मेची-कोशी क्षेत्रीय ब्युरो पूर्वी कमाण्ड ।

पहाडी, सत्य । २०६७ । *मृत्युञ्जयी यात्रा* । काठमाडौँ : सहिद सिर्जना सुरक्षा अभियान ।

पुन, शारदा । २०६४ । दुई जीवनसाथीको विछोडमा टुक्रिएको आत्मा । *पीडाभित्रको आक्रोश*, पृ. १७३-१७४ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

पूर्वेली, रीमा । २०६३ । क्लोज फाइटको विजयपल सम्झँदा । *पीडाभित्रको आक्रोश*, पृ. ११४-११६ । स्थान उल्लेख नभएको : प्रगतिशील अध्ययन केन्द्र ।

पौडेल, मातृका । २०६४ । माओवादी सेनामा महिला । *माओवादी विद्रोह : सशस्त्र सङ्घर्षको अवधि* । भास्कर गौतम, पूर्ण बस्नेत र चिरन मानन्धर, सं., पृ. २१८-२२५ । काठमाडौँ : मार्टिन चौतारी ।

प्रगतिशील अध्ययन केन्द्र । २०६४ । *पीडाभित्रको आक्रोश* । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

बानियाँ, बलराम । २०५७ । 'जनमुक्ति' को बन्दुक बोक्दा यौन शोषणको पीडा... । *कान्तिपुर*, २० भदौ, पृ. १ ।

भुजेल, उमा 'शिलु' । २०६३ । *बन्द पर्खालदेखि खुला आकाशसम्म (ऐतिहासिक गोरखा जेलब्रेक)* । काठमाडौँ : जनदिशा प्रकाशन ।

महतरा, आशा । २०६४ । बगरमा बच्चा जन्माउँदा । *पीडाभित्रको आक्रोश*, पृ. ३१२-३१३ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

यमि, हिसिला । २०६३क । जनयुद्धको दस वर्ष र महिलामुक्तिको प्रश्न । *जनयुद्ध र महिला मुक्ति*, पृ. २-१३ । काठमाडौँ : जनध्वनी प्रकाशन ।

यमि, हिसिला । २०६३ख । जनसेनामा महिलाहरूको सहभागिता । *जनयुद्ध र महिला मुक्ति*, पृ. ९३-११० । काठमाडौँ : जनध्वनी प्रकाशन ।

यमि, हिसिला । २०६३ग । बलात्कारलाई हेर्ने दृष्टिकोण । *जनयुद्ध र महिला मुक्ति*, पृ. ११९-२०२ । काठमाडौँ : जनध्वनी प्रकाशन ।

यमि, हिसिला । २०६३घ । नैतिकताको प्रश्न र जनयुद्ध । *जनयुद्ध र महिला मुक्ति*, पृ. २१९-२२२ । काठमाडौँ : जनध्वनी प्रकाशन ।

यमि, हिसिला । २०६३ङ । बलात्कार : राज्यसत्ताको नपुंसकताको प्रतीक । *जनयुद्ध र महिला मुक्ति*, पृ. २२३-२२५ । काठमाडौँ : जनध्वनी प्रकाशन ।

यमि, हिसिला । २०६३च । तिम्रो बिहे पार्टीसँग भएको छ । *जनयुद्ध र महिला मुक्ति*, पृ. २२६-२२८ । काठमाडौँ : जनध्वनी प्रकाशन ।

राई, तारा । २०६७ । *छापामार युवतीको डायरी* । काठमाडौँ : रत्न पुस्तक भण्डार ।

रेग्मी, सरला । २०६४ । आयाम मार्गबाट प्रतिबद्धताको दोस्रो पत्र । *पीडाभित्रको आक्रोश*, पृ. ७५-७८ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

रोका मगर, जुनकुमारी । २०६३ । विथलडाँडाको हतियार कब्जा र फौजीकरणको सवाल । *पीडाभित्रको आक्रोश*, पृ. ११७-११९ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

लोहनी, गुणराज । २०६४ । जीवन सङ्गिनीको नाममा अर्को पत्र । *पीडाभित्रको आक्रोश*, पृ. ४६-४९ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

वली, भीमकुमारी । २०६४ । दुई वर्षको छोरालाई छोडेर कार्य फिल्डमा जाँदा पोलिरहेको हृदय । *पीडाभित्रको आक्रोश*, पृ. ११७-११९ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

वि.क., सीता 'सम्झना' । २०६८ । *युद्धभित्रका संस्मरण* । काठमाडौँ : बी. एन. पुस्तक संसार प्रा. लि. ।

वि.क., सुमित्रा । २०६४ । श्रीमान र छोराको हत्यामा दनदनी बलेको मनभित्रको आक्रोश : पटकपटकको गिरफ्तार र यातनाले पनि गलाउन सकेन मेरो विचार र आस्थालाई । पीडाभित्रको आक्रोश, पृ. १५२-१५३ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

विश्वकर्मा, गोरीकला । २०६३ । दबिएको आत्माबाट फुटेको क्रान्तिको ज्वालामुखी । *पीडाभित्रको आक्रोश,* पृ. १७९-१८१ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

विश्वकर्मा, गोरीकला 'मानुषी' । २०६९ । *स्मृतिका क्षणहरू : संस्मरण सङ्ग्रह* । स्थान नखुलेको : लेखक स्वयं ।

शर्मा, अनिल । २०६५ । सम्झनामा भारतीय जेल (संस्मरण) । काठमाडौँ : भिजन पब्लिकेसन ।

सुवेदी, अशोक । २०६७ । 'छापामार युवतीको डायरी' : चिप्लो क्याप्सुलभित्र घुसाइएको मन्दविष । *जनज्वार : विचार, साहित्य र संस्कृतिको संवाहक त्रैमासिक,* १(१) : ८७-९३ ।

सोमै मगर, लिला । २०६४ । जीवनसाथी क. कैलाश मेरो मुटुमा यसरी सजिनुभएको छ । *पीडाभित्रको आक्रोश*, पृ. २७१-२७७ । स्थान नखुलेको : प्रगतिशील अध्ययन केन्द्र ।

Afshar, Haleh. 2004. Women and Wars: Some Trajectories Towards a Feminist Peace. In *Development, Women, and War Feminist*

*Perspectives*. Afshar, Halesh and Debarah Eade, eds., p.43-59. Oxford : Oxfam GB.

Ahall, Linda. 2012. The Writings of Heroines: Motherhood and Female Agency in Political Violence. *Security Dialogue* 43(4): 287-303.

Alison, Miranda. 2007. Wartime Sexual Violence: Women's Human Rights and Questions of Masculinity. *Review of International Studies* 33: 75-90.

Gautam, Shobha, Amrita Banskota and Rita Manchanda. 2003. Where There are No Men Women in the Maoist Insurgency in Nepal. *Understanding the Maoist Movement of Nepal*. Deepak Thapa, ed. pp.93-124. Kathmandu: Martin Chautari.

Hutt, Michael. 2012. Reading Maoist Memoirs. *Studies in Nepali History and Society* 17(1): 107-142.

Karki, Dikshya. 2010. Dairy of Rebel. *Republica*, 1 August, p. 4.

Lecomte-Tilouine, Marie. 2009. 'Kill One, He Becomes One Hundred': Martyrdom as Generative Sacrifice in the Nepal People's War. *Hindu Kingship, Ethnic Revival, and Maoist Rebellion in Nepal*, pp. 238-269. New Delhi: Oxford University Press.

Manchanda, Rita. 2010. Women's Question in Nepal's Democratic Post Conflict Transition: Towards a Policy Research Agenda. *Peace Prints: South Asian Journal of Peacebuildin* 3(1): 1-18. http://www.wiscomp.org/peaceprints.htm. Accessed on June 2011.

Peace, Lucinda Joy. 1998. Introduction: Cultural Institutions defining Women. In *Women in Culture: A Women's Studies Anthology.* Lucinda Joy Peach, ed., pp. 223-224. Massachusetts: Blackwell Publishers Inc.

Pettigrew, Judith and Sara Sneiderman. 2004. Ideology and Agency in Nepal's Maoist Movement. *Himal South Asia* 17(1): 19-29.

Prasai, Ujjwal. 2010. The Human Side of War. *The Kathmandu Post*, 11 September, p.7.

Roy, Srila. 2006. Revolutionary Marriage: On the Politics of Sexual Stories in Naxalbari. *Feminist Review* 83: 99-118.

Tamang, Seira. 2012. "Patriarchal Claw Back": Framing Female Combatants and Politicians in Nepal's Transition. Paper presented in the workshop 'The Creation of Public Meaning during Nepal's Democratic Transition', organized by School of Orintal and African Studies (SOAS), University of London and Martin Chautari, London, 4-5 July.

Thapa, Manjushree. 2003. Girls in the War. *Himal South Asia* 16(6): 49-55.




## Chautari Book Series - 70

***Autocratic Monarchy: Politics in Panchayat Nepal*** is a collection of thirteen articles on politics in Nepal during the first two decades of the Panchayat System (1960-1978) written by the political historian and literary scholar L.S. Baral (alias Isvar Baral). The first part of the book begins with an article on the 1959 Constitution of Nepal and is followed by an overview of the political experiments of the 1950s. The next three chapters analyse King Mahendra's coup of 1960 and the ensuing 'new order' and the shifting loyalties of the non-Nepali Congress leaders. The first elections under the Panchayat System and the so-called 'class organizations' are the subjects of two middle chapters. Baral also discusses the work of Panchayat's opponents during the 1960s and analyses the changes undergone by the Panchayat System until the mid-1970s. The three chapters in the second part discuss Nepal and the non-aligned movement, Nepal's foreign policy under King Mahendra, and relations with India. This book is an important contribution to the recent political history of Nepal and should be required reading for anyone who wants to understand how Nepal came to be ruled by autocratic monarchs under the Panchayat System.